# अध्याय – एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको क्रममा शुरुमा समाजमा जातिय र लैङ्गिक भेदभाव थिएन । समाज निर्माण हुने क्रममा विभिन्न धर्म, पेशा, जात आदिको विकास भयो भने यस्ता धर्म, पेशा, जात आदि मानिसहरू एकै स्थानमा रहि विभिन्न समाजको निर्माण भयो । विशेषगरी महिलाहरू भन्दा पुरुषहरू शारिरिक रूपमा बढी बलिया हुने भएकाले उनीहरूको कामको प्रकृति र विभाजन फरक रहेको पाइन्छ । पछि समाजको विकास क्रममा अगाडि बढ्दै जाँदा कामको प्रकृति र उनीहरूले गर्ने पेशाको आधारमा मानिसहरूलाई विभिन्न जात जातिहरूमा विभाजन गरियो । समाजको कामको आधरमा छुट्याईएको पेशाले पछि गएर छुत र अछुत जातको पक्ष लिन गई समाजमा पुरुषहरू सामाजिक रूपले सक्रिय र विभिन्न कामकाजमा देखिन थाले भने महिला चुलो चौको र घरायसी काममा मात्रै सिमीत रहन थाले । उनीहरूलाई बच्चा जन्माउने मेशिन र पुरुषहरूको सेवकको रूपमा हेर्न थालियो (भासिन, २०००)

बैदिकालीन समयमा महिलाको अवस्था निकै उच्च रहेको तथ्य ऐतिहासिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । जुन बेला शिक्षा, सम्पत्ति तथा सामाजिक सम्मान महिला पुरुष दुवैमा समान अवस्था, पहुँच र हैसियत रहेको थियो । जुन वेदमा उल्लेख  भए अनुसार पतिले गर्ने प्रत्येक कार्य पत्नीको अनुपस्थितीमा पूरा नहुने जनाइएको छ । वैदिक कालपछिको समयमा महिलाको अवस्थालाई हेर्दा समाजमा लैङ्गिग विभेदको स्थिती शुरुभएको पाइन्छ । परिवारमा विवाहित महिलाको अस्तित्वव पुरुषसँग सम्बन्धित मात्र बनेन सबै उमेर तहका महिलाहरू पुरुषको नियन्त्रणमा रहनुपर्ने अवस्थाको सृजना भयो । महिला अविवाहित अवस्थामा बाबु र दाजुभाईको नियन्त्रणमा रहनुपर्ने । विवाह भईसकेपछि लोग्ने र विधुवा भएपछि छोराको नियन्त्रणमा रहनुपर्ने अवस्था सृजना भयो । यस्तो हुनुको प्रश्रय सामाजिक लैङ्गिक विविधतालाई जान्छ । समुदायले सामाजिक संस्कृतिक व्यवस्थालाई आधार बनाएर महिला र पुरुषको भूमिकालाई निर्धारण गरेको हुन्छ, अधिकार दिएको हुन्छ । बन्देज लगाएको हुन्छ, यसैलाई सामाजिक लिङ्ग भनिन्छ । सामाजिक मुल्य र मान्यता, धर्म र संस्कृतिका आधारमा समाजमा महिला र पुरुषले छुट्टा छुट्टै ढंगबाट भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । समाजमा लिङ्गका आधारमा असमानता कायम भएको छ । जसको परिणाम स्वरूप

समग्र समाजको विकासमा नकरात्मक प्रभाव परेको हुन्छ । समाजमा महिला र पुरुषको लैङ्गिक फरक निम्न अलङ्ककारहरूबाट जनाउने गरिन्छ ।

| | |
|---|---|
| महिला | पुरुष |
| अरुमा भर पर्ने | प्रभुत्वशाली |
| कमजोर | निर्णयक |
| भावुक | स्वतन्त्र |
| घरयासी काम गर्ने | शक्तिवान |
| आड दिने | तार्किक |
| शान्ति गराउने | कमाउने |
| रुची देखाउने | नेता |
| सहने | जीगिद्रवाला |
| हसिलो | बलियो |
| हेरचाह गर्ने | धैर्यवान देखाउने |
| मिलनसार | नेत्तृत्व लिने |
| विस्तारै बोल्ने | हक्कि |
| पछि लाग्ने | प्राप्त गर्न |
| कमलो | प्रतिस्पर्धा |
| स्याहार सुसार गर्ने | रिसाउने |
| भलाद्मी | तत्परता |

यसबाट के बुझ्न सकिन्छ भने लैङ्गिक मान्यताकै कारणबाट महिलाहरूको विकास पुरुष सरह हुन नसक्नु साथै धर्म, संस्कृति र प्रचलनको नाममा महिलाहरू परिवार र समुदायमा दविएर वस्नुपर्ने वातावरण बन्यो । जसको परिमाण स्वरूप महिलाहरू विभिन्न प्रकारका हिंसामा पर्न वाध्य हुन पऱ्यो । कुनै पनि एउटा व्यक्ति वा समुहले अर्को व्यक्ति वा समुहलाई नियतीवस मनोवैज्ञानिक तनाव सृजना वा बेच्ने कार्य गर्नु सामाजिक संस्कृतिक तथा धार्मिक बहिस्कार गर्नु वा भेदभाव गर्नु आदि सवै कार्यलाई हिंसा भनिन्छ । समाजमा परम्परा देखि चल्दै आएका बोक्सी प्रथा, बहुविवाह, देह व्यापारमा लगाइनु, जवरजस्ती करणी, कुटपिछ र अङ्ग भङ्ग गर्नु, अवसरबाट बञ्चित गर्नु सामाजिक वा पारिवारिक बहिष्कार गर्नु, आहारविहारमा भेदभाव गर्नु, मानसिक डर त्रास देखाउनु, बालिका शिशु

हत्या, दाइजो, यौन शोषण, पुरुषबाट हुने प्रजनन अधिकारको हनन राज्यबाट हुने राजनैतिक अधिकारको बन्देज र भेदभावकारी नियमले महिला विरुद्ध हिंसा जनाएको हुन्छ । पुरुषले जहिले पनि महिलालाई आफ्नो सोचाइमा महिला स्वतन्त्रता छैन उसको पहिचान पुरुषमा गाँसिएको छ । पुरुष वेगर केही पनि गर्न सक्दिन ।  यस्तो प्रवृतिले समाजमा लैङ्गिक विभेद सृजना गरेको  छ । यसै कारण समाजमा महिलालाई लक्षित गरि हिंसाका घटना वढी रहेका छन् ।

## १.२. हिंसाको परिचय

घरेलु हिंसाको परिभाषा न्यु अक्सफोड एड्भान्स लर्नर डिक्सनेरी (२००५), अनुसार परिवारबिच अर्थात् परिवार भित्रका सदस्य भित्र हुने हिंसालाई बुझाउँछ । हत्या गर्ने वा अपहरण गर्ने, चोट पुऱ्याउने ध्ययले गरिने गतिविधि एवं नियन्त्रण गर्न नसकिने तीब्र अनुभूति तथा शारीरिक बलको रुपमा परिभाषित गरेको छ । महिलाको निजी वा सार्वजनिक जीवनमा शरीरिक यौनिक तथा मनोवैज्ञानिक रुपमा आघात पुऱ्याउने सञ्चालन गरिने लिङ्गमा आधारित क्रियाकलाप वा धम्की अन्य किसिमको दबाव वा स्वतन्त्रताबाट बञ्चित गर्ने कार्यलाई नै महिला विरुद्ध हुने हिंसा मानिएको छ । यस अर्न्तगत महिला विरुद्ध हुने धम्की, स्वतन्त्रबाट बन्चितीकरण कुट्पिट, दुर्व्यवहार, बेचविखन यौनच्छेदन, बलत्कार, देहव्यापार समेटको पाइन्छ । महिला माथि घरेलु हिंसा एक कठोर सामाजिक संयन्त्र हो जसद्वारा महिलालाई बलजवस्ती पुरुषको तुलनामा दोस्रो स्थान दिएर समाजमा हेर्ने गरिन्छ । महिलाको स्थिति अध्ययनमा महिला विरुद्धको हिंसा घर परिवारमा हुने गर्दछ जुन महिलाको प्राय चुपचाप बस्ने गरेको हुन्छन् । कुनै विरोध गर्दैनन् इज्जतको डरले सहेर नै बस्नुपर्ने बाध्यता छ । हिंसाको वेवास्था गर्दा, शारीरिक, मानसिक, यौनिक हिंसा जस्ता अनेक हिंसा महिलाले घरपरिवारको सदस्य तथा श्रीमान्बाट हिंसा भोग्नुपर्ने बाध्यता छ । (संयुक्त राष्ट्रसंघ, १९९३)

मानव इतिहास देखि नै महिलामाथिको विभेद रहेको छ । जसले गर्दा समाजमा घरपरिवारमा महिलालाई हिंसातिर धकेलेको छ । सामाजिक मूल्य मान्यता प्रकृतिले पहिला देखि अहिलेसम्म पनि महिला हिंसाको सिकार बन्नु परेको छ । जसको सत्य तथ्य प्रमाण विभिन्न धार्मिक पुस्तकहरुमा देख्न र पढ्न पाइन्छ । जुन प्राचिन समयमा लेखिएका थिए । मनुस्मृति अनुसार महिला र पुरुष भगवान्बाट जन्मिएका हुन् । पुरुष र महिला भगवान्का

देब्रे र दाहिने अंगहरु हुन् भनिन्छ । तरपनि त्यसै समय देखि नै महिला र पुरुष विच प्रशस्त विभेद भएको देखिन्छ । मनु अनुसार पुरुषलाई महिलालो भगवान् जस्तै गरि पूजा गर्ने, भनेका मान्नु पर्ने, पति मर्दा सति नै जानुपर्ने थियो । जब राजनैतिक परिवर्तन भयो (सन् १९५१) पछि पनि महिला कमजोर ठानी सामाजिक, राजनैतिक र कानुनी आर्थिक र धार्मिक तत्वहरुले महिला कमाजोर बनायो । जसले गर्दा महिला शोषण र घरेलु हिंसाका सिकार बन्ने गराएका छन् तर अहिल महिलाको स्थिति सुधार भएको छ भनिन्छ । तरपनि त्यति सन्तोषजनक देखिदैन महिला सधै जहाँपनि शोषण दमन र हिंसामा तथा विभेदमा परेका छन् । सतीप्रथा, बहुविवाह, उमेर असमानतामा विवाह, बच्चपनमै विवाह जस्ता सामाजिक व्यवस्थाले झनै जरा गाडेको नेपाली समाजमा महिलाको स्थिति झनै नाजुक बनाउँदै लगेको छ । झनै हिंसा बढाएको थियो सतीप्रथा राणाशासन कालसम्म रह्यो भने बहुविवाह र बालविवाह अझै कायम छ (मनुस्मृति १/१५४)

महिलालाई पनि पुरुषसँगै लैजानुपर्छ आमा हुन पाउनु महिलाको जन्मजात अधिकार हो । महिलालाई बच्चा जन्माउने भन्दैमा कमजोर ठान्नु हुँदैन । ५/६ महिना अवरोध भएपनि पछि पुरुष बराबरको अवसर पाएको काम गर्न सक्नेछन् । तलबमा पनि भेद छ । पुरुषभन्दा महिलालाई निम्न तलब र त्यो पनि समयमा पाउँदैन ज्याला पनि पुरुषको बढी महिलाको कमी छ । महिलालाई शिक्षा, सम्पत्ति राजनैतिक अधिकार बरबार नभएसम्म, सहभागी र जिम्मेवारमिहिलालाई नदिएसम्म महिला र पुरुषको दुवैको भेद नहटेसम्म समाजममा महिलाप्रतिको हिंसाको अन्त्य हुने छैन । नेपालमा महिलाको स्वास्थ्य आर्थिक र राजनैतिक सहभागिता अति नै कम रहेको छ (मानव विकास रिर्पोट १९९८) ।

नेपाली महिलाले समाजमा ३ प्रकारको बोझ भार उठाएका छन् । उत्पादन कार्य, घरको र घर बाहिरको कृषि अन्य जागिर जसलाई कमाईलाई कुनै मूल्य दिइएको छैन । परिवारको सदस्यको रुपमा एउटा महिला आमा अथवा श्रीमती भएर परिवार तथा बच्चाको हेरचाह र सामुदायिक काममा फुर्सद मिलाएर सामाजिक काम विवाह वर्तन अन्य काम सहयोग गर्दछन् । तर पनि महिला कामको कुनै मुल्य तिरिदैन कुनै उत्पादनमा जोडिदैन ।

## १.३ हिंसाको प्रकारः

**हिंसाका प्रकार मुख्य गरी ५ प्रकारका छन् (डब्लु एच ओ,** १९९८)

क) शारीरिक हिंसा

ख)  यौन जन्य हिंसा

ग)  आर्थिक हिंसा

घ)  परम्परागत हिंसा

ङ)  मनोवैज्ञानिक हिंसा

**क) शारीरक हिंसाः**

प्रचलित कानुन बमोजिम अंगभंग ठहर्ने बाहेक, कुटपिट गर्ने गैरकानूनी थुनामा राख्ने, शारीरिक रूपमा चोट पुऱ्याउने जस्ता कार्य यस अर्न्तगत पर्दछन् । मादक पदार्थ सेवन गरि परिवारका सदस्यलाई कुटपिट गर्ने, थुनामा राख्ने, शरीर बन्धक बनाउने, जिउँदै शरीर जलाउँने, जवरजस्ती काममा लगाउने, श्रम शोषण गर्ने, विरामी पर्दा औषधी उपचार नगर्ने वहुविवाह गर्ने प्रजनन अधिकार नदिनु जस्ता कार्यहरू यस अर्न्तगत पर्दछन् ।

**ख) यौन जन्य हिंसाः**

यौन जन्य हिंसा प्रकृतिको दुव्यवहार, अपमान, आघात पुग्ने कार्य, जवरजस्तीकरणी, देहव्यपारमा लगाउने, यौन अंगहरू सुमसुमाउने छुन खोज्ने, अश्लिल शव्द प्रयोग गर्ने, अश्लिल चित्र वा फिल्म देखाउने, आश्वासन देखाउने आदि कार्य यौन जन्य हिंसामा पर्दछन् । यौनिक हिंसाले महिलाको स्वास्थ्यमा निकै नकरात्मक असर पारेको छ । हिंसामा परेका महिला दिन प्रतिदिन आफ्नो आत्म विश्वास गुमाएर आत्माहत्या समेत गरेका हुन्छन् ।

**ग)  आर्थिक हिंसाः**

महिलालाई आर्थिक श्रोतबाट बञ्चित गरि महिलालाई रोजगारी वा आय आर्जनको काम गर्न नदिने, महिलाको कमाइमा महिलाको हक नहुने लिने, परिवारिक आर्थिक साधन श्रोतको पहुँच र नियन्त्रण उपभोग गर्नबाट बञ्चित गर्न महिलाको पैतृक सम्पत्तिमा कुनै अधिकार नहुँने पैतृक सम्पत्ति लिन महिलाको कमाई घर परिवारले रक्सी, तास, ड्रगमा उडाई दिने जस्ता आर्थिक हिंसामा पर्दछन् ।

**घ)  परम्परागत हिंसाः**

परम्परादेखि चलि आएका महिला माथिका हिंसाहरु जस्तै बहुविवाह, देउकी, बादी, झुमा, सतीप्रथा, दासप्रथा, बालविवाह, दाइजोसँग सम्बन्धित हिंसा, छुवाछुत सम्बन्धि हिंसा, जारि सम्बन्धि हिंसाहरु परम्परागत हिंसाका प्रकारमा पर्दछन् ।

**ङ) मनोवैज्ञानिक हिंसाः**

जुन कार्यले वा व्यवहारले कसैको मनोभावना, दिलमा चोट पुऱ्याउने तरिकाले पिडित बनाइन्छ भने त्यस्तो हिंसालाई मनोवैज्ञानिक हिंसा भनिन्छ । यस्ता हिंसा भित्र कुटपिट बलत्कार, यौन दुर्व्यवहार, बहुविवाह, बोक्सी आरोप वा सजाय, चरित्र हत्या, घरबाट निकाला, खान लगाउन बञ्चित गर्ने, गाली गलौज, एसिड खन्याउने, दाइजोको कारण हुने व्यवहार, यातना, झुट्टा चारित्रीक आरोप र धम्की आदि भावनात्मक चोट पुऱ्याउने कार्य पर्दछन् । जसको कारणले महिलाको आत्मबल घट्ने समाजमा घुलमिल हुन नसक्ने तनाव उत्पन्न भई डिप्रेशनमा आउने र अन्तमा आत्महत्या गर्न अग्रसर बन्ने अवस्था आउदछ ।

मनोवैज्ञानिक हिंसा सवै वर्ग, जात, पेशा, धर्म भुगोलमा व्यस्त रहेको पाइन्छ । यस्ता हिंसा जन्य कार्यले महिलाको जीवनमा बहुपक्षिय असर परेको हुन्छ भने परिवार, समाज र देशलाई नै अस्वस्थ तथा पछौटे बनाएको हुन्छ । समाजमा घरेलु हिंसा, शारिरीक हिंसा, यौनिक हिंसा मुल वा स्पष्ट रूपमा देखिएको छ तर मनोवैज्ञानिक हिंसालाई हिंसाको रूपमा अगाडि ल्याइएको छैन तर मनोवैज्ञानिक हिंसाले महिलालाई भित्री रूपमा पिडा भइरहेको हुन्छ । विशेष गरि घर, समाजलाई संचालन पुरुषहरूले नै गरिरहेको हुन्छन् र महिला पुरुषबाट नै बढी दमनमा परिरहेका हुन्छन् । महिला माथि नराम्रो दृष्टिले हेर्नु (ठुला ठुला आँखाले हेर्नु, आँखा मार्नु) भेदभाव पुर्ण तरिकाले बोल्नु, होच्याउनु, गाली गर्नु, घोचेर बोल्नु निर्णय प्रक्रियामा सहभागि नगुर्न, राम्रो काममा प्रोत्साहन नगर्नु, लिंगको आधारमा छोरी भएको कारणले यो काम गर्नु हुन्छ र हुँदैन भनेर नितिनियम लाग्नु, अर्काको घरमा जाने जात अर्काको कुलबाट आएकी आदि इत्यादी भनी दमन गर्नु जस्ता व्यवहार र कार्य भइरहेको हुन्छ । पिडित महिलाहरूले समाजमा मलाई यस्तो प्रकारको पिडा पारिरहेको छ भन्ने ठाउँ र मौका पनि पाएका हुँदैनन् । आफ्नो इज्जत जोगाउनको लागि अशिक्षाको कारणले आफु भित्रै पिल्सिएर बाँच्न साथै एकान्तमा रूनु सिवाय केही हुँदैन । उनीहरूको पिडा, भावना, मनको चित्कार, चिच्चावट सुन्ने बुझ्ने र समाधानको बाटो देखाइदिने कोही हुँदैन ।

नेपालको सन्दर्भमा हेर्दा आधा पृथ्वी ढाक्ने महिला लैङ्गिक, जातिय, धार्मिक आदिको आधारमा महिला मनोवैज्ञानिक हिंसाको शिकारमा परेका छन् । यस्तो अवस्थामा देश र राष्ट्रको विकास कल्पनामा मात्र सिमित हुन्छ ।

## १.४ समस्याको कथन

समाजमा हुने गरेका घरेलु हिसां, शारिरीक हिंसा, यौनिक हिंसा र मनोवैज्ञानिक हिंसाहरूले नेपाली महिलाहरू पिडित भएका छन् । लैङ्गिक भेदभावको कारणले पुरुषले महिलालाई दमन गरिरहेको र हिंसाको शिकार बनाइरहेको हुन्छन् । नेपाल अझैपनि पुरुष प्रधान देश हो । परिवारमा बावु, छोरा, श्रीमान नै घरको निर्णय कर्ता हुन्छन् त्यही निर्णयमानै महिला हिड्नु पर्दछ । जति पनि हिंसाहरू हुन्छन् त्यसबाट महिला मनोवैज्ञानिक हिंसामा परि नै रहेको हुन्छन् । समाजमा आर्थिक, सामाजिक धार्मिक, राजनैतिक आदि दृष्टिकोणबाट महिलाको भावनामा चोट पुगिरहेको हुन्छ उनीहरूमा मनोवैज्ञानिक असर पुगिरहेको हुन्छ । वास्तवमा समाजको चौतर्फी विकासको लागि महिला र पुरुष दुवैलाई एउटा सिक्को दुई पाङ्गा भनिन्छ ।

देशको आधा आकाश ओगट्ने महिला देश विकासमा केहि सहभागिता रहेता पनि अशिक्षा, अस्वास्थ्यता, गरिबी, परम्परागत सामाजिक रूढीवादी व्यवहारले गर्दा निकै पछि परेका छन् । यसर्थ मनोवैज्ञानिक हिंसाले परिवार एवं भोगकर्ता र उसबाट सृजीत भावी पुस्तालाई के कस्तो प्रकारको प्रभाव पारेको छ र पार्न सक्छ र यसको असर कुन जाति समुदायका महिला बढी छ भन्ने विषयलाई खोज गरिनु आवश्यक देखिएको छ । उपरोक्त समस्याले यो अनुसन्धानलाई निर्देशित गर्ने छ भने निम्न सवालहरूलाई सम्बोधन गर्ने छ :

क) मनोवैज्ञानिक हिंसा हुने कारणहरू के के हुन् ?

ख) मनोवैज्ञानिकबाट महिलाले के कस्तो समस्या भोगेका छन् ?

ग) मनोवैज्ञानिक हिंसाले कस्तो असर पारेको छ ?

## १.५ अध्ययनको उद्देश्य

- **सामान्य उद्देश्य**

क) यस अध्यायनको सामान्य उद्देश्य महिला विरुद्ध हुने मनोवैज्ञानिक हिंसा बारे विश्लेषण अध्यायन गर्ने ।

- **विशिष्ट उद्देश्य**

क) महिला विरुद्ध हुने मनोबैज्ञानिक हिंसाको स्वरूप पत्ता लगाउने ।

ख) महिलाहरू मनोवैज्ञानिक हिंसामा पर्नुका कारण र असरहरूको खोजी गर्ने ।

## १.६ अध्ययनको औचित्य र महत्व

महिला र पुरुष समाजका महत्वपूर्ण दुई पाटाको रुपमा रहेको भएपनि जति पुरुष सशक्त रुपमा अगाडी बढ्न सकेका छन् । तुलनात्मक रुपमा महिला अगाडी आउन सकेका छैनन् । नेपालको पितृसत्तात्मक समाज समाजीकीकरण प्रक्रिया, शक्ति सम्बन्धमा असमानता विभेदीकरण जस्ता तत्वले महिलालाई विभिन्न हिंसा र समस्यामा पारेको छ । घर परिवार सुरक्षाको दृष्टिले अति महत्वपूर्ण र सुरक्षा अनुभूति गरिने स्थान मानिन्छ । तर पनि घरपरिवार, समाज मनोवैज्ञानिक हिंसाको स्थान बनिरहेको छ । कुनै पनि व्यक्ति अरुको डर र चिन्ताविना बाँच्न पाउने उसको अधिकार हो । हिंसाले मानव समाजमा अन्धकार नित्याउँछ । समाजमा महिला र पुरुष विच शिक्षाको स्तर, आर्थिक स्तर शक्ति सम्बन्धको स्तरमा फरक रहेको छ । किन नेपाली समाजमा महिला हिंसा व्याप्त छ ? महिला र पुरुष समाजको एक रथको दुई पाङ्ग्रा भनिन्छ । महिला र पुरुष दुवै मिले मात्र समाज र देशको विकास हुन्छ तर किन महिलालाई दवाउने यातना दिने गरिन्छ ? किन महिलाहरु आफ्ना पिडा र हिंसा, समस्या बाहिर समाजमा व्यक्त गर्न सक्दैनन् किन महिलामाथि निरन्तर हिंसा रहिरहन्छ ? किन पुरुषभन्दा महिला हरेक कुरामा पछि परेका छन् ? किन महिला पुरुष विच अन्तर रहेको छ ?

लैङ्गिक विभेदले सु-सज्जित समाज भएको हुनाले महिलाहरू सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक, मनोवैज्ञानिक सबै माध्यमबाट मनोवैज्ञानिका हिंसामा परिरहेका हुन्छन् । मनोवैज्ञानिक हिंसा झट्ट नदेखिने हुनाले यसले महिलामा कस्तो असर पारेको छ भन्ने कुरा अवगत नभएको यस सम्बन्धि धेरै अध्ययन अनुसन्धान नभएको आजको सान्दर्भिक र संवेदनशिल विषय भएको हुँदा यस सम्बन्धि अध्यायन अनुसन्धान नभएको, आजको सान्दर्भिक र सम्वेदनशिल विषय भएको हुँदा यस सम्बन्धि अध्यायन अनुसन्धान गर्नु आवश्यक ठानेकी छु । यो अध्यायनले पछि हुने लैङ्गिक दृष्टिकोणबाट गरिने अनुसन्धानलाई सहयोग गर्ने छ साथै यो अध्यायनले समस्यासँगै चासो राख्ने सरकारी, गैर सरकारी संघ संस्था वा एजेन्टलाई आवश्यक सुचना र तथ्याङ्क उपलब्ध गराउने छ । समग्रमा भन्नु पर्दा मनोवैज्ञानिक हिंसाले महिला माथि कस्तो प्रभाव पारेको छ र महिलाको स्थितिलाई सार्वजनिक गराउन सघाउने छ । यस बारेमा धेरै अनुसन्धान नभएका हुँदा थोरै मात्रामा भएका जे जति सामाग्रीहरू छन् तिनीहरूको अध्यायन गरि यो निष्कर्ष निकोलकी छु ।

## १.७ अध्ययनको सिमा

सामाजिक घटनाका अध्यायनहरू निश्चित सामाजिक अवस्था वा परिवेश भित्र लागु हुन सक्दछ । कुनै एक अधयनले धेरै विषयहरू समेट्न सक्दैन । सिमा भन्दा बाहिर यस अध्यायनको प्रभाव नपर्न सक्दछ । यो अध्यायनले कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिकाका सबै महिलालाई समेट्न समय र श्रोतले नभ्याउने हुँदा वडा नं. ९ कृष्ण टोलका महिलाहरू माथिको मनोवैज्ञानिक हिंसा प्रतिको विचार र धारणलाई अध्यायन गर्न र यसको असर महिलामा कस्तो परेको छ अनुसन्धान गर्न खोजिएको छ । यस अध्यायनमा विवाहित महिलालाई अध्यायन गरिएको छं । अविवाहित तथा किशोरीको समस्यालाई समेट्न सकिएको छैन । महिला केन्द्रित भएर गरिएको अध्यायन भएकाले नेपालका विभिन्न भु-भागमा छरिएर रहेका र देशको केही महिलाहरूका समस्यालाई यसले मेल खान सक्दछ ।

# एकाई – दुई
## पूर्वसहित्यको अध्यायन

### २.१. लौङ्गिक विभिन्नतालाई व्याख्या

लैङ्गिक भिन्नता वा महिला पुरुषबिच रहेको फरक भन्नाले लैङ्गिक आधारमा रहने फरक भूमिकालाई जनाउँछ । भिन्न-भिन्न समाजमा भिन्न-भिन्न खालको लैङ्गिक विभेदहरू देखिन्छ । त्यसकारण लैङ्गिक भिन्नतालाई बुझ्न विभिन्न व्याख्याहरू अस्तित्वमा रहेका छन् । जस्तै :

- जैविकिय व्याख्या
- सांस्कृतिक व्याख्या
- सामाजिक मनोवैज्ञानिक व्याख्या

**सामाजिक मनोवैज्ञानिक व्याख्या**

मनोवैज्ञानिक व्याख्याले सामाजिक व्यवस्था भित्र विकास भएको मनोवैज्ञानिक पक्ष र तिनको संस्थाागत विकासक्रमका परिमाण स्वरूप विकास भएको लैङ्गिक विभेदको विकास भएको निष्कर्ष निकालेको छ । यस व्याख्यालाई दुई भागमा केन्द्रित गरी विभाजन गर्न सकिन्छ । जस अनुसारः-

**क) घटनाशास्त्रिय व्याख्या**

यस व्याख्याले दैनिक सामाजिक व्यवहार तथा घटनाक्रमहरू तथा कार्यहरू स्वयं मनोवैज्ञानिक रूपमा विभेद छ भन्ने ठान्दछ । संस्कृतिले नै महिला र पुरुषबीच विभेदको अवस्था सृजना गराएको हुन्छ । यस व्याख्यामा समाजमा परम्परागत विकास भएको बुझाई र मान्यता जती छन् तिनमा समाज र संस्कृतिको प्रभाव रहेको ठानिन्छ । जसले मनोवैज्ञानिक रूपमा नै स्तरिकरण सृजना गर्दछ । मानिसका व्यवहार र कृयाकलापलाई निर्देशित गर्दछ । संसारलाई हेर्ने सामाजिक बुझाई र व्याख्याको प्रक्रिया पुरुष अनुभवबाट बढि प्रभावित भएको छ भन्ने मान्यता यसमा राखिन्छ । यस सिद्धान्तले सामाजिक वास्तवीकताको निर्माणको सामाजिक सांस्कृतिक आधारलाई सुक्ष्म तहमा रहेर व्याख्या र विश्लेषण गर्नुपर्दछ भन्ने मान्यता राख्दछ ।

**ख) उत्तर संरचनावादी व्याख्या**

यस व्याख्या अनुसार समाजमा विकास भएका अनुभव र मान्यताहरू सबै पुरुष प्रभुत्वबाट नै प्रभावित छन् । संस्कृती, भाषा र विचारहरू नै पूर्वाग्रही भएका कारण समाजमा लैङ्गिक विभेदले संख्यागत रूप लिएको हो भन्ने बुझाई फ्रेन्च महिलावादीहरूको रहेको छ । उत्तर संरचनावादि लैङ्गिक अवस्थालाई व्यक्तिको अनिवार्य विशेषता नमानि सामाजिक सन्दर्भ र अन्र्तक्रिया तथा यसको परिमाणलाई जोड दिन्छन् । समाजमा महिला र पुरुषमा छुट्टा छुट्टै सामाजीकीकरणका प्रकृयाका कारण लैङ्गिक विभेद भएको हुन्छ । जन्मकै आधारमा छोरा छोरी भएकै कारण परिवारमा छुट्छुट्टै खालको सिकाई, शिक्षा, अधिकार, मूल्य मान्यता, आदि अन्र्तनिहित गराइन्छ । परिमाण स्वरूप महिला र पुरुष दुवै मानिसिक  रूपमा नै समान हुन सक्दैनन भन्ने मान्यताको विकास हुन्छ । यहि सोचाईबाट दुवै लिङ्ग निकै प्रभावित भएका हुन्छन् । यसैकारण पुरुषहरू बढी प्रमुख दायित्व भूमिका निर्वाह गर्दछन् भने महिलाहरू सहने प्रवृतिको मनोभाव विकास हुन्छन् । महिला पछि पर्दछन् ।

## २.२ महिला भेदभाव विरुद्ध विकास गरिएका अन्तराष्ट्रिय सन्धिहरु र नेपालको प्रतिवद्धता

वर्तमान विश्वको परिस्थितिलाई हेर्दा नीतिगत रुपमा जातिय भेदभावको अन्त्य गर्ने घोषणा प्राय सबै राष्ट्रहरुले गरेको पाइन्छ । विश्वका धेरै राष्ट्रहरुले संयुक्त राष्ट्रसंघको मानव अधिकारको विश्वव्यापी घोषणादेखि लिएर आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार, महिला विरुद्धको भेदभाव, बालशोषण र दासत्वको अन्त्य गर्ने जस्ता कैयौं अन्र्तराष्ट्रिय सन्धिहरुको हस्ताक्षर गरेका हुन् । सन् १० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसंघको महासभाको बैठकद्वारा पारित मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २,४ र ७ मा भनिएको छ ।

"जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजैनितक वा अन्य विचार राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्पत्ति वा अरु कुनै हैसियतका आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ । बाधा वा दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दासदासीको व्यापार प्रत्येक रुपमा निषेध गरिएको

छ । कानुनको दृष्टिमा सबै समान छन् र विना भेदभाव सबै कानुनको समान संरक्षणका अधिकार हुनेछन् " । (सिमो नाइड, १९९८: १८३, मानव अधिकार संगालो २०५३: ३६)

नेपाल पुरुषसरह महिलालाई अधिकार प्रदान गर्ने विभिन्न अर्न्तराष्ट्रिय महासर्न्धिहरुमा आफ्नो समर्थन औपचारिक रुपमा प्रदर्शन गरेको छ । २०४६ सालको जनआन्दोलनपूर्व नेपालले ८ यस्ता सन्धिमा आफ्नो प्रतिवद्धता जाहेर गरि सकेको छ । जसमा दासत्व महासन्धि २५ सेप्टेम्बर १९२६ जसलाई नेपालले १९६३ मा अनुमोदन सम्मिलन गरेको थियो । दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल, २३ अक्टोबर १९५३ (जेनेसभामा हस्ताक्षरित) (जसलाई नेपालले १९६३ मा अनुमोदन गरेको थियो) महिलाको राजनैतिक अधिकार सम्बन्धी महासन्धि, २० डिसेम्बर, १९५२ (जसलाई नेपालले १९६६ मा अनुमोदन/सम्मिलन गरेको थियो) जति हत्या, अपराधाको रोकथाम र सजाय सम्बन्धी महासन्धि, ९ डिसेक्बर १९४८ (जसलाई नेपालले १०६९ मा अनुमोदन गरेको थियो) विभिन्न किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धि, २१ डिसेम्बर १९६५ (जसलाई नेपालले १९७१ मा अनुमोदन गरेको थियो) रंगभेद अपराधको दमन र दण्डसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धि, ३० नोभेम्बर, १९७३ (जसलाइृ नेपालले १९७७ मा अनुमोदन/सम्मिलन गरेको थियो ) खेलकुदमा रंगभेद विरुद्धको अर्न्तराष्ट्रिय महासन्धि, १० डिसेम्बर, १९८५ (जसलाई नेपालले १९८९ मा अनुमोदन गरिसकेको थियो ) ।

त्यस्तै जनआन्दोलन २०५६ पछि नेपाल बाल अधिकार सम्बन्धि महासन्धि, २० नोभेम्बर १९८९ (जसलाई नेपालले १९९० मा अनुमोदन गरिसेकेको थियो), महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन सम्बन्धी महासन्धि, १८ डिसेम्बर, १९७९ (जसलाई नेपालले १९९१ मा अनुमोदन/सम्मिलन गरेको थियो) नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अर्न्तराष्ट्रिय प्रतिज्ञापत्र, १६ डिसेम्बर १९६६ (जसलाई नेपालले १९११ मा अनुमोदन/सम्मिलन गरेको थियो), जिउ मास्ने, बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणका दमनका लाग व्यवस्था भएको महासन्धि, २ डिसेम्बर १९४९(जसलाई नेपालले १९९५ मा अनुमोदन/सम्मिलन गरेको थियो) र मृत्युदण्ड उन्मुलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल, १५ डिसेम्बर, १९८९ (जसलाई नेपालले १९९८ मा अनुमोदन/सम्मिलन गरेको छ) । जस्ता महासन्धिप्रति नेपालले आफ्नो प्रतिवद्धता जाहेर गरिसकेको छ ।

## २.३ लैङ्गिक समानता र महिला सशक्तिकरणका लागि अर्न्तराष्ट्रिय प्रयासहरुः

विभिन्न समयमा भउका अर्न्तराष्ट्रिय भेला, शिखर सम्मेलन र घोषणाहरु महिला सशक्तिकरण तर्फ छन् र केही कार्यक्रमले महिलाको हैसियतको घोषणा पनि गरेको पाइन्छ। जसमध्ये केही महत्वपूर्ण प्रयासहरु निम्न अनुरुप रहेका छन्। (माथेमा, २०६६)

क) विशेष शब्दमा समानताको सिद्धान्तको पहिलो अर्न्तराष्ट्रिय सन्धि संयुक्त राष्ट्रसंघको वडापत्र थियो। यसले आधारभूत मानव अधिकार, मानवीय मूल्य र मर्यादा, महिला र पुरुषलाई समान अधिकार धर्म, वर्ण, लिङ्ग र भाषाको विना भेदभाव मौलिक स्वतन्त्रतालाई पुन पुष्टि गऱ्यो।

ख) मानव अधिकार विश्वव्यापी घोषणा पत्र (१९४८) मानव भेदभाव रहित समानताको सिद्धान्तलाई घोषणा पत्रको सारमा सुत्रवुद्ध गरियो।

ग) आधारभूत महिला अधिकार सम्बन्धी केही विशिष्ट दस्ता वेजहरु।

घ) समान ज्याला सम्बन्धी १९५१ः सन् १९५१ मा महिला र पुरुषविच भेदभाव नराखी बराबर कामका लागि बराबर ज्याला दिइनुपर्छ भन्ने महासन्धि अर्न्तराष्ट्रिय श्रम संगठनहरुलाई पारित गऱ्यो र सोही अनुरुपको व्यवस्था लागु गर्न सम्बन्धित सबै राष्ट्रहरुलाई आह्वान गरियो र तदअनुरुपको व्यवस्था लागु गर्न जोडा दिइयो।

ङ) पेसागत भेदभाव उन्मुलन (१९६०) महिला र पुरुषविच विद्यमान रोजगारी एवं पेसागत विभेदलाई विचार गरी सन् १९६० मा अर्न्तराष्ट्रिय श्रम संगठनले महिला उपर भएको रोजगारी र पेसागत भेदभाव उन्मुलन सम्बन्धी पारित गरी यसलाई लागु गर्न जोड दियो। सन् १९६२ मा संयुक्त राष्ट्रसंघको महाअधिवेशनले विवाह, विवाहका लागि न्यूनतम उमे, विवाह दर्ता सम्बन्धी महासन्धि पारित गऱ्यो।

च) अर्न्तराष्ट्रिय महिला सम्मेलन सन् १९७२ मा संयुक्त राष्ट्रसंघको महासभाले १९७५ मा अर्न्तराष्ट्रिय नारी वर्ष मनाउँदै महिला दशक र चारवटा अर्न्तराष्ट्रिय महिला सम्मेलनहरु मेक्सिको १९७५, नैरोवी १९८०, कोपेनहेगन १९८५ र बेइजिङ्ग १९९५ सबै महिलामाथि हुने भेदभावको अन्त्य गरी समाजमा समान सहभागिता समान अवसर दिने कुरामा जोड दिँदै प्रतिवद्धता साथ सम्पन्न भएका थिए। (राष्ट्रिय मानव अधिकार आयोग, २०६१ः ७१)

छ) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (१९७९) सन् १९७९ मा संयुक्त राष्ट्रसंघले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न महासन्धि पारित गऱ्यो । यस यस्तो ऐतिहासिक दस्तावेज हो जसले घरबाहिरा र घर भित्र दुवै क्षेत्रमा महिलाका जीवनमा हुने प्रत्यक्ष, अप्रत्यक्ष सबै खाले भेदभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ । यस्तो भेदभाव अन्त्य गर्ने उपायहरु अवलम्बन गर्न सबै राज्यहरुबाट बाध्य पारेको छ । यसले मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणामा निहित लैङ्गिकका संवेदनशिलतालाई नै सम्बोधन गरेको छ । यसले महिलामाथि गरिने भेदभावलाई लिङ्गका आधारमा गरिने राजनीतिक, आर्थिक सामाजिक सांस्कृतिक नागरिक अथवा अन्य कुनै क्षेमा भेदभाव, बाहिस्कार अथवा प्रतिवन्ध भन्दै परिभाषित गरेको छ । यो सन्धि १९८१ मा लागु भएको हो । (राष्ट्रिय मानव अधिकार आयोग, २०६१:७०) ।

ज) भियाना घोषणा पत्रः जुन १९९३ मा मानव अधिकार सम्बन्धमा भियानमा भएको सम्मेलनले महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव र हिंसामा गहिरो सारोकार राख्दै यिनलाई संसारभर उजागर गर्न र फैलाउन महिलाको मानव अधिकारको समान हैसियतलाई घोषणा पत्र स्थापित गरेको थियो (राष्ट्रिय मानव अधिकार आयोग, २०६१:७०)

झ) सन् १९९४ सेप्टेम्बर ५-१३ मा कायरोमा भएको सम्मेलनका प्रतिनिधिहरुले विश्वव्यापी शिक्षा, मातृ मृत्युदर न्यूनीकरण, परिवार नियोजन प्रजनन् तथ यौन स्वास्थ्य पहुँचप्रति सहमति जनाएका थिए । यसले शिक्षा रोजगारमा लैङ्गिक समानता र परिवार नियोजनको नयाँ सम्भावनामा जोड दिएको छ । यी अर्न्तराष्ट्रिय सन्धि र सम्मेलनहरुले नेपालमा महिला सशक्तिकरणमा ठूलो भूमिका खेलिरहेको छ ।

## २.४ महिला हिंसा उन्मुलन सम्बन्धि अर्न्तराष्ट्रिय घोषणा

महिला हिंसा अन्त्यका लागि संयुक्त राष्ट्र संघद्वारा १९९३, डिसेम्बर २० मा घोषणा गरिसकेको छ । जुन लेखाहरुमा परिभाषित छ कि लिङ्गका आधारमा गरिने महिला जुनसुकै हिंसालाई महिला विरुद्धका हिंसा भनिन्छ । यसमा महिलाले हिंसाको कारण सार्वजनिक र निजी जीवनमा बेहोर्नु पर्ने शारीरिक, मानसिक र यौनिक हिंसा वा नोक्सान दुःख पिडा जस्ता हिंसालाईइ महिला सम्बन्धी, हिंसा मान्दै कानुनी रुपमै पूर्ण निषेध गरेको छ । यस्ता

क्रियाकलापलाई हिंसा मानेको छ । जुन महिलाले स्वतन्त्रबाट बञ्चित छन् । व्यक्तिगत र सार्वजनिक जीवनमा अन्य सदस्य राष्ट्रहरुलाई महिला हिंसा विरुद्धको कानुन निर्माण गर्न लगाइएको छ । लिङ्गका आधारमा गरिने हिंसा महिलाका मनोरञ्जन सम्बन्धी अधिकार र सुरक्षाको तथा आधारभूत र स्वतन्त्रता, समानता, राजनैतिक, आर्थिक, सामाजिक, संस्कृतिक, नागरिकका अन्य क्षेत्रका अधिकार, मानव अधिकारभित्र पर्दछन् जुन यस प्रकार छन्:

क) आफ्नो जीवनको अधिकार

ख) समानताको अधिकार

ग) स्वतन्त्रता र सुरक्षाको अधिकार

घ) समान सुरक्षा र समान कानुनी उपचार

ङ) विभिन्न भेदहरुबाट स्वतन्त्रताको अधिकार

च) राम्रो उच्च स्वास्थ्य उपचार सम्बन्धी अधिकार

छ) समान काम समान ज्यालाको अधिकार (संयुक्त राष्ट्र संघ १९९३)

त्यसपछि सन् १९९५ वेइजिङ्ग सम्पन्न चौथो सम्मेलनमा १८१ राष्ट्रका प्रतिनिधिहरुको सहभागिता थियो । यो सम्मलनले विगतमा पारित गरिएको निर्णय र संयुक्त राष्ट्रसंघका घोषणपत्र तथा महासन्धिहरुलाई पुनरावोलकन गर्दै विगतमा पारित प्रस्ताव र घोषणाहरुलाई अझ राम्ररी लागु गर्ने अनि विश्वमा महिला समानता विकास र शान्ति प्राप्त गर्ने कुरामा पुनः प्रतिवद्धता जाहेर गरेको थियो । यसले महिला उत्थान, विकास र सशक्तिकरणका लागि मुख्य १२ वटा सरोकारका क्षेत्र निर्धारण गरेको थियो । ती हुन्: महिला तथा गरिबी, महिला र शिक्षा, महिला र स्वास्थ्य, महिला विरुद्धको हिंसा, महिला र शसस्त्र तथा संघर्ष, महिला र मानवअधिकार, शक्ति संरचना र निर्णायक तहमा महिला, महिला तथा संचार, महिला तथा वातावरण र बालिका आदि ।

समयमै माग अनुसार महिलाहरुलाई वैज्ञानिक प्राविधिक र राजनितिक रुपले दक्ष बनाउनुपर्ने भएको हुँदा विकास प्रक्रियाहरुमा महिला सहभागिता बढाउन उनीहरुलाई सशक्तिकरण गर्ने अनि लैङ्गिक समानता विकास र शक्तिको बाटोमा महिलाको समान सहभागिता गराउन विश्वव्यापी रणनिति तय गर्ने जस्ता काम पनि यसमा सम्मेलनले गरेका थियो । यी माथि चर्चित विभिन्न सन्दर्भ र सरोकारका क्षेत्र मुलतः राजनीतिक विषयसँग सम्बन्ध भए पनि नारीवादी सिद्धान्त भनेको पनि नारी आन्दोलनबाट विकास हुँदै आएकोले

नारी शोषण र हिंसालाई प्रष्ट पार्दै नारी हक अधिकारमा क्षेत्रलाई प्रष्ट पारेको छ । (संयुक्त राष्ट्र संघ, १९९३)

## २.५ नेपालको सन्दर्भमा महिलाविरुद्धको हिंसा

नेपालको आर्थिक रुपले गरिब राष्ट्र हो । यहाँ पितृसत्तात्मक सामाजिक व्यवस्था मूल्य मान्यताका कारण महिला माथिको हिंसा हुने गर्दछन् । महिलाको जनसंख्या ५१.४४ प्रतिशत रहेको छ । शिक्षाको साक्षरता प्रतिशत पनि पुरुषको तुलनमा धेरै कमी रहेको छ । नेपालमा धेरै प्रकारका महिलामाथि हुने हिंसाहरु स्वरुप रहेको छन् जस्तै यौनिक हिंसा र यातना हतोत्साही, छुवाछुत, महिला तथा बालिक अपहरण, छोरालाई मान्यता दिन छोरी अपहेलनाको पात्र हेरिनु, मानसिक यातना, अपशब्द बोल्नु, बहुविवाह गर्नु, जारी विवाह, देउकी, वादी आदि हुन् । धार्मिक, सांस्कृतिक, अन्धविश्वास र रुढीवादी परम्परामा विश्वास गर्ने नेपाली समाज तथा महिलाहरुको स्थिति माथि उठ्न सेकेको छैन । महिलाको सुरक्षाको अधिकार घरमा र घरबाहिर सबै क्षेत्रमा मानव अधिकार भित्र पर्दछन् तापनि परम्परागत पितृसत्तात्मक सामाजिक व्यवस्था त्यसका मूल्य र मान्यताका कारणबाट महिलाविरुद्धका हिंसा बढी रहेको छन् जसको कारणबाट महिलाको स्थितिको विकास हुन सकेको छैन साथै समाजको पनि विकास भइरहेको छैन । प्राय महिलाहिंसा सामान्य मानिन्छ नेपाली समाजमा यो कित निम्न आर्थिक स्तर भएका परिवार कित उच्च आर्थिक स्तर भएका परिवारमा र केही जात वा वर्गमा देखा परेको छ । जो आर्थिक अवस्थाबाट निम्न छन् । जसको अन्य सुरक्षाको उपायहरु छैन । हिंसाको सिकार भएका आर्तविश्वासको कमी हुने र पुरुषले पनि सामान्य रुपले हेर्ने नकरात्मक ढङ्गबाट हेर्ने, सहयोग नगर्ने हुन्छ । जब महिला हिंसामा पर्दछन् समाजले पनि वास्ता नगर्ने कानुनी रुपमा उपचार नपाउनेसम्म भएको देखिन्छ ।

अन्धविश्वासले महिला सिकार बनेका छन् । ग्रामिण तथा शिक्षाको अभावले महिला बढी धर्ममा विश्वास गर्दछन् । विभिन्न संस्कृतिक मूल्य मान्यताले महिलाको स्थिति माथि उठ्न सकेको छैन । नेपालमा लिङ्गका आधारमा महिलामाथि हुने हिंसाका प्रकारलाई मुख्य गरि ५ भागमा राखिएको छ । शारीरिक, यौनिक, मानसिक, आर्थिक, परम्परागत महिला सहायकको रुपमा लिने गरिन्छ । महिला हिंसा संसार भरी नै रहेको र यसले स्वास्थ्य समस्या महिलाको क्षमता र शक्तिको ह्रास र महिलाको स्वास्थ्यको तुलना गर्दा अति कमजोर स्थिति देखिन्छ । (मानव अधिकार २०७३)

## २.६ महिला माथि हिंसा विश्व सन्दर्भमा

महिला माथि घरेलु हिंसा एउटा देश र समाजमा मात्र नभएर सबै राष्ट्र देशहरुमा फैलिएको छ । विकसित वा अविकसित सबै देशहरुमा महिला हिंसाका सिकार बनेका छन् । महिलाहरु शिक्षाको कमी गरिब, वेरोजगारका कारण महिलाहरु दविएका छन् । हिंसा सहित बाध्य भएका छन् । भारत, पाकिस्तान तथा अन्य एसियाली देशहरुमा महिलाहरु पनि नेपाली महिलाहरु झै लैङ्गिक हिंसामा परेका छन् । नेपाल लगायत भारतमा विभिन्न प्रकारका हिंसा हुने गरेका छन् । दाइजो महिला हिंसाको मुख्य कारण बनेको छ । दाइजोसँग सम्बन्धित घटनाहरु बढी घटेका हुन्छन् । जहाँ २५०० (दुलही) महिलाहरु प्रत्येक वर्षमा मारिएका हुन्छन् । गर्भपातन पनि हिंसाको स्वरुप हो । लगभग ८००० बच्चाहरु गर्भपतन गराइन्छ । मुम्बैमा क्लिनिकहरुमा जसमध्ये ७,९९९ केटी बच्चा रहेका हुन्छन् । केटा केटी पाँच वर्ष नपुग्दै मर्ने गरेका छन् । विवाहित महिलाहरुमध्ये (१५-६० वर्ष) का ५६ प्रतिशत श्रीमान्को कुटाइ खाएका छन् । पितृसत्तात्मक व्यवस्थाको मूल्य मान्यतामा मान्ने कारण ७० प्रतिशत महिलाहरु हिंसामा परेका छन् । उत्तर प्रदेशमा अज्ञानता कारण ४५ प्रतिशत महिला श्रीमान्को शारीरिक यातना कारण सिकार भएका छन् । न्युदिल्लीमा ७० प्रतिशत महिला प्राय १६ वर्ष भन्दा मुनिका महिला अपहरण र बलत्कारको सिकार भएका छन् । (युनिसेफ, २०००)

दक्षिण एसियामा पुरुष प्रधान परिवार तथा समाज रहेको र महिलाको महत्वलाई भन्दा पुरुषलाई बढी महत्व दिन्छ । महिलालाई सन्तान जन्माउने औजार र यौन इच्छा पूरा गर्ने वस्तुको रुपमा हेरिन्छ । त्यसैगरी श्रम शोषण पनि महिला माथि गरिएको छ । पुरुष नै उच्च स्थानमा रहेका छन् । महिलालाई दोस्रो दर्जाको नागरिक भनिन्छ । विभिन्न संगठनका विभिन्न अनुसन्धानहरुले के देखाएका छन् भने पुरुषका कारणबाट आफ्नो जीवन कालभरि प्रत्येक ५ महिला संसारका शारीरिक र यौनिक हिंसामा परेका छन् । दक्षिण एसियाको संस्कृतिले नै महिलालाई सहायक स्थान दिएको छ । सांस्कृतिक व्यवहारले तथा कानुनले महिलालाई तल्लो स्थान दिएको छ परिवारको स्थानमा महिला दोस्रो दर्जामा परेका छन् । (युनिसेफ २००१)

## २.७ विकासको लैङ्गिक दृष्टिकोण

कल्याणकारि सोच लैङ्गिक विकास सम्बन्धमा महिलावादि लेखिका मोजर केरोलिनले अगाडि सारेका विभिन्न नितिगत अवधारणहरू मध्ये एक कल्याणकारी अवधारणा हो । उक्त अवधारण अनुसार सन् १९५० देखि १९६० सम्मको केन्द्रिकृत विकास प्रकृयाबाट महिला बाहिर परेको विकासमा महिलाका एजेण्डा समावेश गर्नुपर्ने मान्यता सन् १९६० को दशकमा विकास भयो । जसमा औपनिवेशक दासता र विभेदमा परेका महिलाका लागि खाद्यान्न, अनुदान, वासस्थान पोषण र परिवार नियोजना जस्ता विकासको क्षेत्रमा जोड दिइएको थियो । यति बेला लैङ्गिक सम्बन्ध र लैङ्गिक भुमिकाको बारेमा पर्याप्त अध्यायन र विश्लेषण हुन सकेन ।

**विकासमा महिला**

यो अवधारणा खास गरि अमेरिकन उदारवादि महिलाहरूले सन् १९७० पछि अघि सारेको अवधारण हो । महिलाहरू विकासको मुल प्रभावबाट बञ्चित रहेको, महिला हक र अधिकारहरू कुण्ठित भएका, महिला स्वतन्त्रतामा बाधा परेको ठहऱ्याई सोको समाधानको लागि कानूनी तथा प्रशासनिक सुधारमा जोड दिइयो । यसको विकास सँगै विकास प्रकृयामा महिला र पुरुषको समान सहभागितामा जोड दिन थालियो । सन् १९५० पछि अघि सारिएका विकासका कार्यहरूले महिलालाई सकारात्मक प्रभाव पार्नुको साटो झन कार्यबोझ थपेको तथ्यमा ध्यान आवश्यक देखियो । फलस्वरूप विकास प्रकृयामा महिला केन्द्रित दृष्टिकोण र रणनितीको विकासमा यसले जोड दिएको छ ।

**महिला र विकास**

सन् १९७० को उत्तरार्धमा विकास भएको यो अवधारणा विकासमा महिला भन्दा बढि परिस्कृत अवधारणा हो । विकास प्रक्रियामा महिलालाई प्रत्यक्ष रूपमा सहभागिता बढाइनु पर्ने, चेतना, ज्ञान र सिपको माध्यमबाट महिला सशक्तिकरण गरिनुपर्ने, सामाजिक कुप्रथा, प्रचलन, मान्याता तथा पितृसत्तात्मक दृष्टिकोण र राज्यको संरचनामा महिला विकास, प्रगति, पहिचान र स्वतन्त्रताका लागि बाधक बनेको जोड दिइएको छ ।

**लैङ्गिकता र विकास**

लैङ्गिक विभेद कम गर्न महिला र पुरुष दुवैलाई लक्षित गरि कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ भन्ने कुरामा जोड दिएकाले यसमा समता मुलक विकासमा जोड दिएको पाइन्छ ।

यस अवधारण १९८० को दशकमा देखापरेको थियो । जुन देशमा लैङ्गिकतालाई विश्लेषण गरि विकास प्रकृया अपनाए तिनीहरूको समग्र मानव विकास सुचांक सकारात्मक रहेको देखिन्छ । यसले समतामुलक, दिगो र सहभागिता मुलुक विकासमा जोड दिएको छ ।

## २.८ पितृसत्तात्मक समाज र महिला हिंसा

पितृसत्ता एक सामाजिक अभ्यास हो जसले परिवार वा समाजको हरेक विषयमा पुरुषको प्रधानता रहने वा हकमा चल्ने प्रचलनलाई पितृसत्ता र त्यस्तो समाजलाई पितृसत्तात्मक समाज भनिन्छ । यस्तो समाजमा आर्थिक, राजनैतिक र सामाजिक क्षेत्रका सबै निति निर्माणको विषयमा पुरुषहरूको एकतर्फी हैकम चल्छ । सन्तानको वंश नागरिकता अधिकार र अभिभावकको रूपमा पुरुषले मात्र मान्यता पाउँछ । समग्रमा सामाजिक रूपमा महिलाहरूलाई पुरुषको अधिनमा राख्ने सोच र व्यवहार नै पितृसत्ताको आधार हो जसले लैङ्गिक विभेदलाई निर्माण गरिरहेको हुन्छ । यो सबै समाजमा रहेको परिवारमा देखिन्छ । परिवार प्रायः पितृसत्तात्मक प्रकृतिको हुन्छ । परिवारमा पुरुष नै प्रमुख हुन्छ । श्रम र उत्पादन, सन्तोनोतपति, गतिशिलता, महिलाको यौन इच्छामा समेत पुरुषको नियन्त्रण रहन्छ । पुरुषलाई उच्च र पहिलो महिलालाई निच र दोस्रो दर्जामा राख्ने चलन छ । परिवारमा आएका नयाँ पुस्तालाई पितृसत्तात्मक मान्यता र मूल्यहरू नै सिकाइन्छ । परिवारले स्तरीकृत प्रणाली Hierarchical system लाई जन्माउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हाम्रो नेपाली समाजमा पनि पारिवारिक वातावरणले महिलालाई पछाडी लाने काम भइरहेको छ । जब नवजात केटीको जन्म हुन्छ । तब उसलाई अर्काको नासो, घर गरेर खानुपर्ने, पतिव्रता, चुलोचौको गर्नुपर्ने, यौन सामाग्री आदि जस्ता शब्दहरूसँग परिचत गराइन्छ । जसले गर्दा आज नेपाली महिलाहरू धेरै पछाडी परेका छन् हिंसाका सिकार बनेका हेपिएका छन् । पितृसत्ताले संरचनात्मक रूपा नै परिवारको महिलाहरू, अन्य पुरुषहरू, केटाकेटीहरू, वृद्धावृद्धा, अशक्त र घरेलु कामदारलाई मूल पुरुषको अर्न्तगत नियन्त्रण्मा राख्दछ । भारतीय महिला अधिकारवादी कमला भासिनका अनुसार पितृसत्तात्मक अवस्थामा महिलाहरूले गतिशिलता र सम्पत्ति, व्यवसाय तथा अन्य आर्थिक स्रोतसाधनमा पुरुषहरूको नियन्त्रण हुन्छ । पितृसत्तात्मक व्यवस्थामा पुरुषहरूको स्थान उच्च हुन्छ । पुरुषहरू उच्च हुन्छन् भने महिलाहरू निम्न पुरुषका हातमा सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक शक्ति हुन्छ तर महिलाहरू शक्ति र अधिकारबाट बञ्चित हुन्छन् फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहना अनुसार दविएका हुन्छन् । अनि शोषिएका हुन्छन् । महिला

दमन र शोषण विश्वव्यापी रूपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरू पुरुष सरह सामाजिक सांस्कृतिक अधिकारबाट बञ्चित छन् भने अमेरिका जस्तो विकासित मुलकमा पनि महिलाहरूको पुरुष समान पहुँच छैन । संसारमा विभिन्न मुलुकमा महिलामाथि दमन गरिएको पाइन्छ । पितृसत्ताले महिलालाई हिंसातिर डोऱ्याएको पाइन्छ ।

महिला हिंसा लैङ्गिक असमानताको सिद्धान्त तथा महिलावादी अवधारणाले निजी तथा सार्वजानिक परिधिमा मूलत महिलामाथिको संरचनागत अत्याचार, समान स्रोत र शक्तिको पहुँच हनु नदिनुको पछाडी वंशानुगत कारण पितृसत्ता हो भन्ने कुरा उल्लेख गरिन्छ । यसरी महिला विरुद्धको हिंसालाई विश्लेषण गर्न हामीलाई पितृसत्ता सम्बन्धि नैतिक व्यवहारको अध्ययन गर्नुपर्दछ । जसले परिवारमा महिला र पुरुषविच असमानता र सामाजीकरणका अभ्यासहरूसँग परिचित गराउँछ जस अर्न्तगतः छोरालाई अत्याचारी र छोरीलाई पीडिततिर डोऱ्याउँछ जब तिनीहरू प्रौढ बन्छन् । पितृसत्ताक हो विचारधाराले पुरुषत्व र नारीत्वको पहिचानको निर्माण गर्दछ । नारीत्वको निर्माणमा खासगरी बल प्रयोगद्वारा पुरुषावस्था अरु माथि शक्ति प्रयोग गर्ने क्षमतासँग समान बनाइनु प्राय आवश्यक छ । यी विचार धाराहरूमा नारीत्वको निर्माणमा महिला हिंसा, महिलाको पैत्रिक सम्पत्ति हो भन्ने स्वीकार्न उनीहरू निष्क्रिय र नम्र आवश्यक छ । यसरी महिला तल्लो स्तरको र पुरुष उच्च स्तरको व्यक्तिको रूपमा गरिएका परिभाषा र यसलाई अझ बल प्रदान गर्ने नेपाली सामाजिक सांस्कृतिक अभ्यासहरूका आधारमा लिङ्गका आधारमा हुने महिला माथिको हिंसा असमान शक्ति स्रोत र साधन हो जसले महिला माथि शधै हिंसाको सिकार बनाइन्छ ( रिट्जर, २०००) ।

## २.९ सैद्धान्तिक पुनरावलोकन

लैङ्गिक अध्यायन विभिन्न पूर्वाग्रहहरूबाट माथि उठेर दिगो मानवहित खोज्ने विषय हो । यो एक पक्षिय दृष्टि अध्यायनबाट टाढा रहि महिला र पुरुषको हित र भलो खोज्ने विषय हो । यसको उद्देश्य मातृसत्तात्मक राज्य स्थापना गर्नु होइन बरु लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने विषय हो । वर्तमान समाजका लैङ्गिक अध्यायन महिला केन्द्रित हुन स्वभाविकै हो । किन कि संसारका विकसित अविकसित सबै मुलुकमा कम मात्रामा होस् वा बढि मात्रामा महिला विभिन्न रूपमा शोषित र पिडित

भएको छन् । नेपाली नेपाली महिला उत्पादन, पुर्नउत्पादन, यौनिकता, सम्पतिको पहुँच आदिमा पुरुषबाट नियन्त्रण भएका हुन्छन् । (भासिन २००३)

## २.१० महिलावादी सिद्धान्तहरू

महिलावादी सिद्धान्तले महिला पुरुषको समाजमा हुने हैसियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ । मानव हेसियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ । मानव सभ्यताको प्रारम्भ महिला र पुरुषविच विभेद र असमानताहरू छोरीहरू ज्यादै सिमीत थिए । जब समाज दास युग हुँदै अगाडी वढ्यो तव पितृसत्तात्मक व्याख्या संस्थागत रूपमा विकासित हुँदै आएको पाइन्छ । समाजका हरेका क्रियाकलापहरू महिलाको भूमिकालाई कम महत्वका दृष्टिले हेर्दै आएको पाइन्छ । महिलाभन्दा पुरुषले वढी अवसर र प्रथामिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट वञ्चित वन्दै गए । समाज भनेको विभिन्न संघ संस्था, मूल्य, मान्यता, नियम, परम्परा सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पुरुषलाई निश्चित मूल्य मान्यता, भूमिका र पदहरू दिइएको हुन्छ । यिनै मूल्य मान्यता कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका हुन्छन् । मानव इतिहासको शुरुवातसँगै महिला र पुरुष विच असमान शक्ति सम्बन्ध विकासित भएको पाइन्छ । तर विभिन्न कालखण्डमा महिलाको स्थिति र अवस्थाको वारेमा जागृत भई महिला हकहित, अधिकारको आवाज उठ्दै आएको पाइन्छ । त्यसैले महिलावाद समाज र संस्कृतिको व्याख्या गर्न एक वैकल्पिक सिद्धान्तका साथै सशक्त आन्दोलन पनि हो । यसरी महिलावादी सिद्धान्त अगाडी बढ्दै जाने प्रक्रियामा विभिन्न सिद्धान्तको विकास भएको पाइन्छ ।

### उदार महिलावाद

उत्पतिका दृष्टिकोणले उदार महिलावाद सोह्रौं र सत्रौं शताब्दी देखि नै विकास भएको पाइन्छ । जसमा समाजका सबै तहका व्यक्तिहरूको स्वतन्त्रतालाई जोड दिएको छ । उन्नाइसौं शताब्दिका परम्परावादि उदार नारीवादीहरूले विशेष गरि नागरिक स्वतन्त्रताहरू सम्पत्ति माथिको अधिकार, भोटका अधिकार, धर्म मान्ने स्वतन्त्रता, जस्ता व्यक्तिगत स्वतन्त्रतालाई बढि जोड दिएको देखिन्छ । बिसौं शताब्दी सम्म आइपुग्दा नागरिक स्वतन्त्रता भन्दा आर्थिक न्यायका पक्षलाई बढि जोड दिएको पाइन्छ । सामाजिक न्याय विकास तथा मानव कल्याणका पक्षमा पछिल्ला समयमा महिलावादीहरूले जोडि दिएका छन् । तर यिनीहरूले पितृसतात्मक शक्ति सम्बन्धका बारेमा चर्चा गरेको हुँदैन । उदार

महिलावादीहरू महिलालाई प्रजनन अधिकारको सवालमा स्वतन्त्र अधिकार हुनुपर्ने मा जोड दिन्छ (रिटजर १९९६) ।

**मार्क्सवादी महिलाबाद**

मार्क्सवादी महिलावादले समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्वहरू र विश्लेषणको तरिकाहरूको उल्लेख गरिएको छ । मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्ने महिलामाथिको दमन, विभेद असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछ । महिलामाथि दमन, अत्याचार तथा शोषण खासगरि पितृसत्ता र पूँजीवादी संरचनाबाट भएको मार्क्सवादी महिलावादीहरूको रहेको छ ।

कार्लमाक्स र फ्रेडरिक एङ्गेल्सले महिला स्वतन्त्रता प्रकृयाहरू उन्नाइसौँ शताब्दीको पूँजीवादी समाजसँगै विकास भएको हो  भनेका छन् । ज्यालादारी मजदुरीको विकासले गर्दा कामदार वर्गको पद र शक्तिमा अभिवृद्धि भएको थियो । मार्क्सवादले महिला र पुरुष विच रहेको असमान शक्ति सम्बन्धलाई जोड दिन्छ । यसैका आधारमा लैङ्गिक सम्बन्धको विकास र व्यावहारिक यथार्थतालाई जोड दिन सकिन्छ । यस खालको असमान शक्ति सम्बन्ध भनेको पुरुष शक्तिवान र महिला शक्तिहिन हुन हो ।

**समाजवादी महिलावाद**

समाजवादी व्याख्या आमुल नारीवादि र माक्सवादी नारीवादहरूको समिश्रणबाट जन्मेको नयाँ नारीवाद हो । समाजवादी नारीवादमा व्याख्या र विश्लेषण गर्ने पुँजीवादी पितृसत्ता ऐतिहासिक नैतिकवाद वास्तवमा माक्सवादी सिद्धान्त हो । माक्सवादी सिद्धान्तमा व्याख्या गरिने पक्ष विचार, आवेश, द्वन्द्वलाई समाज वादि नारीवादले विस्तृत रूपमा व्याख्या गरेको पाइन्छ । पुँजीवादी पितृ सत्ता र महिला दमन जस्ता शब्दावलीको यस सिद्धान्तमा निकै प्रयोग गरिन्छ । समाजका सबै दमन विरुद्ध उत्रनु पर्दछ । महिला र पुरुषको सहकार्यमा मत्र नयाँ समाजको निर्माण गर्न सकिन्छ । समाजवादी नारीवादी वर्ग एवं लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन जातिय प्रजातिय उमेर लिङ्ग, यौनिक आदिलाई विश्वव्यापी एवं राष्ट्रिय तह र स्थिति आदिको व्याख्या गर्नु पर्ने कुरालाई दिन्छ । (रिट्जर, १९९६)

नेपालका उच्च हिन्दु जातिका महिलाको स्थितिलाई विवाह पूर्व र विवाह पश्चातको अवस्थालाई तुलनात्मक रूपमा हेरिएको छ  । यस पुस्तकमा महिलाको स्थानलाई शुद्धता र अशुद्धताको प्रतिक रूपमा व्याख्या र विवेचना गरिएको छ यसै गरि लैङ्गिक भुमिकाको बारेमा चर्चा गर्दै समाजमा विद्यमान परम्परा संस्कार र धर्मको बारेमा विश्लेषण गरेको छन् ।

यसरि उच्च हिन्दु जातिको महिलाहरूलाई द्वध भुमिका प्रस्तुत गर्दै विवाहको अवसरमा छोरीलाई कन्या दान दिदा दाइजो दिने उल्लेख गरिएको छ (वेनेथ १९८३)

उपरोक्त कृति, लेख, रचना अनुसार हिंसाले महिलामा कस्तो असर पुऱ्याएको हुँदो रहेछ । हिंसामा कति महिला परेका छन्, महिलाहरूको स्थिति कस्तो छ र हिंसा भनेको के हो, हिंसाको प्रकार सम्बन्धमा चर्चा गरिएता पनि वास्तविक रूपमा यहाँको महिलाहरू माथि मनोवैज्ञानिक हिंसाको बारेमा अध्यायन अनुसन्धान नभएको हुँदा मनोवैज्ञानिक हिंसामा कति महिला परेका छन् भन्ने विचार र धारणालाई बुझ्नको लागि यो शोध कार्यलाई अगाडि बढाउने जमर्को गरिएको छ ।

## २.११ पूर्व अध्ययनको समिक्षा

नेपाल बहुजाति, बहुभाषिक र बहु साँस्कृतिक धरातलमा संगठित भएको समाज हो । जहाँ नागरिकहरूलाई सहिष्णुता पूर्वक मिलेर बस्ने वातावरणको निर्माण गर्ने पक्षमा राज्य व्यवस्था र सम्बन्धित निकाय तथा सामाजिक निरन्तर लागि परेका छन् । "विवाह" एक सर्वव्यापि संस्कार भएका हुँदा भिन्न परम्परा र मुल्य मान्यताको साथ संसारका हरेक समाजमा सम्पन्न हुने गर्दछन् । जसबाट मानविय जीवनको निरन्तरता पाएको छ ।

महिलाहरू विभिन्न निहुबाट हिंसात्मक परेका हुन्छन् । जस्तै : विभिन्न प्रकारका आरोप, प्रत्यारोप, दाइजो, बोक्सी आदि आरोपमा परेको पाइन्छ । यसको परिणाम स्वरूप महिला माथि कुटपिट, घर निकाला, मानसिक यातना, बहुविवाह, हत्या, आत्महत्या जस्ता हिंसाहरूबाट महिलाहरू गुज्रिएको पाइएको छ (ओरेक नेपाल २०७१)

### क) लैङ्गिकतामा आधरित हिंसा

लैङ्गिकतामा आधारित हिंसा भन्नाले महिला, पुरुष र बालबालिकाहरु माथि हुने हिंसालाई बुझाउने भएपनि खास गरी पुरुष प्रधान समाजमा लैङ्गिक हिंसाको रुपमा महिला तथा बालिकामाथि हुने हिंसालाई सामान्य तबरले लिने प्रचलन भएकाले यो व्यापक रुपमा फैलिएको हुन्छ । लैङ्गिक हिंसामा महिलाहरुले विभिन्न प्रकारका हिंसाजन्य कार्य एवं दुर्व्यहारको अनुभव गरेका हुन्छन् र पिडकका रुपमा मुख्यतया पुरुषहरु नै हुने गर्दछन् । यस्ता हिंसाजन्य कार्य एवं दुर्व्यवहारका विभिन्न स्वरुपहरु हुन्छन् । जस्तैः हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार एवं वैवाहिक बलात्कार, जबर्जस्ती करणीबाट गर्भधारणा, यातना, महिलालाई हानी हुने परम्परागत प्रचलनहरु, श्रीमान् वा

श्रीमान्का नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, शैक्षिक संस्था वा अन्य क्षेत्रमा काम गर्ने सिलसिलामा गरिने यौन दुर्व्यवहार महिला, बेचविखन एवं जबर्जस्ती रुपमा गरिने देहव्यपार आदि । यसले महिलाको मानव अधिकार र स्वतन्त्रपूर्वक बाँच्न पाउने हकको हनन समेत गरेको छ । महिलाहरुलाई विभेद शिकार बनाँएको छ र उनीहरुको समविकासमा नकरात्मक असर गरेको छ । लैङ्गिकतामा आधारित हिंसाका अन्य रुपहरु, तिनका कारण र असरलाई तल उल्लेखित उपशिर्षकहरुमा वर्णन गरिएको छ ।

**ख) लैङ्गिकतामा आधरित हिंसाः कारण र परिणाम**

माथि नै उल्लेख गरिसकिएको छ कि लैङ्गिकतामा आधारित हिंसाका शिकार खासगरी महिला तथा बालिकाहरु हुने गर्दछन् । यो क्रम उनीहरुको सम्पूर्ण जीवनचक्र हुने गर्दछ । गर्भमा केटा रहे जन्माउने तर बालिका रहे गर्भपतन गराउने कामबाटै लैङ्गिक हिंसाको शुरुवात हुन्छ । त्यसैगरी छोरा र छोरीमा गरिने विभेद, खाना, औषधी उपचार र शिक्षाको पहुँचमा गरिने विभिन्न प्रकारका विभेदात्मक कार्यहरु, देहव्यापार, समुदाय एवं कार्यक्षेत्रमा युवतीहरुले जबर्जस्ती विवाह, दाइजोसँग सम्बन्धित हिंसा र बैवाहिक गएका महिलाहरुमा हुने शोषणलाई सामान्यरुपमा लिने गरिन्छ । बञ्चितीकरणमा परेका सामाजिक समुहका महिला एवं बालिकाहरुले थप जोखिमभित्र पर्दछन् । यस प्रकारको हिंसा प्राय संसारका सबैजसो देशमा रहेका, उग्र धर्मिक, जातिय, वर्गीय संस्कार बोकेको, आन्तरिक द्वन्द्वको अझ भयवह रुप देख्न सकिन्छ । यस्ता हिंसाले महिला तथा बालिकाहरुलाई मृत्युको मुखसम्म पनि पुऱ्याउने गरेको छ । नेपालमा लैङ्गिक हिंसा विरुद्ध सरकारले सन् २०१० लाई लैङ्गिक हिंसा विरुद्धको वर्षको रुपमा पनि मनाएको छ । साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लैङ्गिक हिंसा विरुद्ध उजुरी व्यवस्थापन इकाईको स्थापना गरिएको छ ।

**ग) लैङ्गिकतामा आधारित हिंसाका कारणहरुः**

- परापूर्वकाल देखि विकसित हुँदै आएको शक्ति सम्बन्धमा महिलाको तुलनामा पुरुषहरु शक्तिशाली हुन्छन् भन्ने मान्यता ।
- पुरुष प्रधान सामाजिक संरचना ।
- महिला र पुरुषलाई हेर्ने विभेदकारी सामाजिक मूल्य, मान्यता र आर्थिक अवसरहरुमा रहेको असमानता ।
- परम्परागत संयुक्त परिवार प्रथा ।

- विवाहसँग सम्बन्धित विभिन्न संस्कार एवं प्रथाहरु ।

घ) **लैङ्गिक हिंसाका विभिन्न रुपहरुः**

- **शारीरिकः** कुटपिट गर्ने, शारीरिक यातना दिने लगायत...
- **मनोवैज्ञानिकः** मानिसक यातना दिने खालका जस्तैः गाली गर्ने, धम्की दिने, विभिन्न आत्म विकासका अवसरबाट बञ्चित गर्ने, विरामी परेको बेला औषधी उपचार नगर्ने लगायत...........
- **आर्थिकः** आर्थिक अवसरहरुबाट बञ्चित गर्ने, ज्याला कम दिने, ज्याला कम पाइने वा ज्याला नै नपाइने घरयासी काममा मात्र लगाइने, रोजगारीमा अवसर नदिने लगायत......
- **यौनजन्यः** बलात्कार गर्ने, अप्राकृतिक करणी गर्ने, भ्रुण हत्या गर्ने, यौन शोषण गर्ने, यौनिक हतोत्साहितता गर्ने लगायत......

ङ) **लैङ्गिकता सम्बन्धी हिंसाका परिमाणहरुः**

लैङ्गिक हिंसामा परिणामहरु दिर्घकालिन हुन्छन् । जसले गर्दा प्राकृतिक रुपमा बराबरी हैसियतमा रहनुपर्ने महिला तथा पुरुषहरु दोस्रो दर्जाको जीवन जीउने विकासका सम्भावनाहरु मरेर जान्छन् । आफ्नो विकास गर्दै देश र समाजका लागि महत्वपूर्ण योगदान पुऱ्याउन सक्दैनन् । उनीहरुको खुसी खोसिन्छ र जीवनभर-पुरपुरोमा हात लगाएर बाँच्न विवश हुन्छन् । महिलाहरु माथि हुने हिंसाले उनीहरुका सन्तानहरुमा मनोवैज्ञानिक असर पर्दछ । उनीहरु पनि एकलकाँटे, विद्रोही, झोंकी, निर्दयी र असामाजिक स्वभावका हुने खतरा रहन्छ । समाजमा विद्यमान विभेदले संस्थागत रुप लिन पुगी असमानताको खाडल झन् कहिल्यै नपुरिने गरी बढ्छ । अन्तमा एउटा सभ्य, समृद्ध र न्यायपूर्ण समाज निर्माणको चाहना कहिल्यै पूरा हुँदैन । साथै लैङ्गिक हिंसाको अन्य परिमाणहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छः

- स्वास्थ्य सम्बन्धी परिमाणहरुः पोषणयुक्त खानेकुरामा पहुँच नहुनु आय आर्जनका अवसरहरुमा पहुँच नपुग्ने र उपयुक्त स्वास्थ्य उपचारको अभावले गर्दा महिला र बालिकाहरुको स्वास्थ्यमा असर पर्न जान्छ । शारीरिक विकासमा नकरात्मक असर पर्छ । उनीहरुलाई एउटा स्वास्थ्य र सबल नागरिक बन्न यसले बाधा पार्दछ ।

- सामाजिक परिमाणहरु: समाजमा महिला र पुरुषको अवस्थामा फरक पर्न जान्छ । असमानता, विभेद कायम रहन्छ । समानता र समविकासका नारा भाषणमा मात्र सिमित रहन्छन् । एउटै समाजमा दोस्रो दर्जाका नागरिकहरुले जन्म हुनपुग्छ । समाज विकृत बन्दछ ।
- आर्थिक परिमाणहरु: आर्थिक अवसरहरु पहुँचको कमीले गर्दा आर्थिक उत्पादनमा कमी आउछ । महिलाको कामको मूल्याङ्कन हुँदैन । देशको मानवीय पूँजी निर्माणमा नकारात्मक असर पर्दछ । देशको विकासमा महिलाहरुको योगदानको कदर हुँदैन र अवसर पनि हुँदैन ।

यसरी लैङ्गिकतामा आधारिक हिंसाका गम्भिर परिणामहरु हुने भएकोले त्यस्ता असरहरु महिला र बालिकाहरु माथि मात्र नभई पुरुषहरु र समग्र समाजमा नै पर्ने भएकोले त्यस्ता हिंसाहरु हुन नदिन सबैको चासो रहनुपर्दछ । यसमा खासगरी नीति निर्माताहरु र सरकारी निकायहरुले विशेष ध्यान दिन जरुरी हुन्छ । सरकारी तबरबाट नीति निर्माण गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता, गैर सरकारी क्षेत्रबाट जनसचेतिकरणमा तिब्रता एवं स्थानीय निकायहरु र समुदायबाट पनि लैङ्गिक हिंसा रोक्न आवश्यक पहल गर्ने र त्यसमा स्थानिय जनताको सहभागिता सुनिश्चित गर्न सकेमा समाजमा विद्यमान लैङ्गिक हिंसाको अवस्थालाई न्यूनीकरण गरी समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्न सकिन्छ ।

**च) प्रथा, परम्पराका नाममा हुने हिंसा**

मानिसहरुले सदियौं देखि मान्दै आएका धार्मिक, सामाजिक र सांस्कृतिक प्रचलनलाई प्रथा परम्परा भनिन्छ । त्यस्ता प्रथा परम्पारहरले समाजमा पुरुष र महिलालाई हेर्ने एउटा दृष्टिकोण बनाएका हुन्छन् । ती दृष्टिकोणहरुलाई समाजमा सामान्य रुपमा मान्दै र व्यवहार गर्दै आइएको हुन्छ । संसारका विभिन्न देशहरुमा कुनै न कुनै रुपमा प्रचलनमा रहेका ती मध्ये केही प्रथा परम्पराहरुले समाजमा विभेद, शोषण र दमनलाई प्रश्रय दिइरहेका छन् । त्यसमा पीडित हुनेहरु पुरुष भन्दा महिला बढी छन् । किनकी ती प्रथा परम्पराहरु पुरुष प्रधान समाजले निर्माण र विकास गरेको हो । अझ पुरुष प्रधान समाज भएको हाम्रो देशमा त झन त्यस्ता थुप्रै प्रथा परमपराहरु छन् जसले महिलाहरुलाई अन्यायमा रहेर शोषित, दमित भई बाँच्न विवश बनाएका छन् । सामाजिक, धार्मिक, परम्पराको नाममा हाल पनि

महिला माथि हिंसा थोपरिरहेको छ । नेपालमा प्रचलित त्यस्ता केही प्रथा र परम्पराहरु तल प्रस्तुत गरिएको छ :

**देउकी प्रथाः** नेपालको सुदुरपश्चिम क्षेत्रमा रहेको यो प्रथामा छोरीलाई देवताको सेवामा मन्दिरमा चढाउनाले आफ्नो मनोकांक्षा पूरा हुन्छ भन्ने मान्यता राखिन्छ । यसबाट त्यस क्षेत्रका चेलीहरुले असंख्य वेदनाहरु भोग्नुपरेको छ ।

झुमा प्रथाः कतिपय हिमाली क्षेत्रका जिल्लाहरुमा खास गरी कुमारी केटीलाई बौद्ध गुम्बामा लगेर चढाइन्छ ।

**बादी प्रथाः** मध्यपश्चिम क्षेत्रका केही जिल्लाहरुमा बादी जातिका महिलाहरुलाइ देह व्यपारमा लगाइने प्रचलनले ती महिलाहरुको मानसिक, शारीरिक रुपमा पीडा भोग्न बाध्य पारेको छ । साथै सरकारको तर्फबाट समेत जीवन निर्वाहको वैकल्पिक व्यवस्था गर्न नसकिएकोले हाल उनीहरुबाट जन्मेका कयौं बाबु विनाका सन्तानहरु नागरिकता विहीन भउका छन् ।

**दाइजो प्रथाः** नेपाली समाजमा परापूर्वकाल देखि चलन चल्तिमा रहेको दाइजो प्रथा हालपनि कायम रहेको छ । पूर्वी तराईको अझ भयावह रुपमा रहेको यो प्रथाले गर्दा विवाह गर्न उमेर पुगेका र विवाहित महिलाको समेत मानसिक र शारीरक रुपमा यातना खेप्न बाध्य पारको छ । दाइजो दिन नसक्ने बाबु आमाले आफ्नो छोरीको विवाह गर्न नसक्ने अवथा रहेको छ भने विवाहित महिलामा पनि कम दाइजो लयएको भने बमोजिम दाइजो नल्याएको आदि विभिन्न निहुँमा आफ्नै सासु, ससुरा, श्रीमान्‌बाट अंगभंग हुने गरी कुटपिट गर्ने, अर्को विवाहको धम्की लगायतका मानसिक यातना दिने, जिउँदै शरीरमा आगो लगाउने र हत्या गर्ने सम्मका घटना घट्ने गरेका छन् । यसले गर्दा त्यसक्षेत्रका अभिभावहरु छोरी चेलीलाई पढाउनुको साटो ऋण लिएर वा जग्गा बेचेर पनि दाइजो दिने प्रचलन बढेर गएको छ । पढेलेखेका र शिक्षित परिवारमा झन छोराको पढाई खर्च दाइजोबाट असुल गर्ने खुल्ला चलन नै भएको छ ।

**तिलक प्रथाः** दुलाहा पक्षले केटीको बाबुलाई निश्चित रकम दिनुपर्ने चलन पनि कतिपय समुदायमा रहेको छ । यसबाट विवाह पछि महिलाले कैयन मानसिक यातना र तनाव भोग्नुपर्ने अवस्था छ ।


**चेलीबेटी बेचविखन प्रथाः** प्रत्यक्ष रुपमा चेलीबेटी बेचविखनको नाम नलिए पनि मध्यमाञ्चल कतिपय जिल्लामा घरको नयाँ छानो हाल्ने, आफुले लगाएको ऋण तिर्ने वा राम्रो आम्दानी

हुने लोभमा आफ्नो छोरी चेलीलाई छिमेकी देश भारतको कोठीमा लैजाने दलालहरुको हात लगाउने चल रहेको छ । जहाँ उनीहरु वेश्यालय नारकीय जीवन जिउन विवश छन् ।

**बहुपति प्रथाः** कतिपय हिमाली जिल्लामा कायम रहेको बहुपति प्रथाका कारण त्यस क्षेत्रका महिलाहरुलाई शारीरिक, मानसिक पिडा थपेको छ ।

**कुमारी प्रथाः** नेवार जातिमा कामय रहेका कुमारी प्रथा उनीहरुलाई कडा नियन्त्रणमा बाँधिएको हुन्छ । कुमारी बसेकी केटीसँग विवाह गरेमा लोग्नेको मृत्यु हुन्छ भन्ने मान्यताले कतिपय कुमारीहरु अविवाहित नै बस्नुपरेको छ ।

**छाउपडि प्रथाः** मध्यपश्चिम र सुदुरपश्चिम क्षेत्रका केही जिल्लाहरुमा महिलाहरुलाई रजस्वताको समयभर घरभन्दा परको छाप्रो वा गोठमा बस्नुपर्ने प्रचलन रहेको छ । त्यस समयमा महिलाहरुले जुनसुकै काम गर्न हुने तर मिठो मसिनो खान नहुने, घरभित्र पस्न नहुने मान्यता रहेकोले उनीहरुलाई असुरक्षित र फोहोर ठाउँमा बस्नुपर्ने अवस्था सृजना गरेको छ । यसबाट महिलाहरुले हरेक महिना प्राकृतिक रुपमा हुने रजस्वलाको कारण दुखका दिन बिताउनुपर्ने बाध्यता खडा गरेको छ ।



यी माथिका प्रथा परम्पराका अतिरिक्त, नेपाली समाजमा महिलाहरुलाई बोक्सीको आरोप लगाई मलमुत्र खुवाउने, अपमान गर्ने र परिवार एवं गाउँबाट निकाल गर्ने गरिएको थुप्रै घटनाहरु, समाचार र पत्रपत्रिकामा देख्न र सुन्न पाइन्छ । साथै रजस्वला हुँदा घरभित्र पस्न नहुने, पानी र अन्य खानेकुरा छुन नपाइने जस्ता मान्यता शिक्षित र सभ्य परिवारमा समेत सहजै लिएको पाइन्छ । यसबाट महिलाहरुमा हिनताको भावना सृजना हुने र आफूलाई कमजोर महसुस गर्ने अवस्था सृजना भएको छ । त्यसैगरी हिन्दु संस्कारमा काजक्रिया गर्न छोरा नै चाहिन्छ भन्ने मान्यताले छोराको आसमा छोरीको संख्या बढाउने र त्यसको दोष महिलालाई थोपर्ने प्रचलनले गर्दा महिलाहरुमा भय, तनाव र अन्यायमा बाँच्न विवश बनाएको छ ।

कुसंस्कारका रुपमा विकास भएका यस्ता प्रथा परम्पराहरुलाई समयमै नसच्चाए त्यसले समाजमा हाल भइरहेको विभेदको खाडललाई अझ ठूलो बनाउदै जाने पक्क छ । साथै हालको कंलकको वातावरणलाई संस्थागत गर्ने अवस्था आउछ । जसबाट समाजको आधा हिस्सा ओगटने महिलाहरु सधै भरी अन्याय, भ्रष्टचार, शोषण, दमन र विभेदका शिकार भइरहने छन् र एउटा समतामूलक, न्यायपूर्ण र समृद्ध समाज निर्माणको प्रक्रियामा बाधा पुग्न जान्छ । तसर्थ त्यस्ता गलत संस्कारको अन्त्य गर्न गाउँ गाउँबाट चेतनाको ज्योति फैलाउदै जानुपर्छ । प्राथामिक तहदेखि नै त्यस्ता कुसंस्कार अन्त्य गर्न पाठ्यक्रममा नै उपयुक्त विषयहरु राख्ने, सामाजिक कार्यकर्ता, राजनीतिक कार्यकर्ता, धार्मिक नेता कार्यकर्ता सबैले यस्ता कुसंस्कार विरुद्धको अभियानलाई तिब्रता दिनुपर्छ । साथै सरकारी, गैरसरकारी र स्थानीय निकायहरुको संयुक्त प्रयासमा त्यस्ता कुसंस्कारहरु अन्त्य गर्न उपयुक्त संस्थागत र नीतिगत व्यवस्थ गरी कडाइका साथ कार्यान्वयन गर्न सकेमा प्रथा परम्पराका नाममा हुने हिंसाको अन्त्य गर्न सकिन्छ । अनिमात्र नेपाली महिलाहरुले पमपरादेखि चल्दै आएका यस्ता कुसंस्कारबाट मुक्त भई स्वतन्त्रतापूर्वक पुरुष सरह आफ्नो जीवनका संभावनाहरु फलाउन फुलाउन सक्छन् । समाजमा शिर ठाडो पारी आत्मसम्मानपूर्वक जीउन सक्छन् ।

**नेपालमा प्रचलित कुरितीहरुः**

अनमेल विवाह प्रथा, अर्घु प्रथा, कन्यादान प्रथा, कमलरी प्रथा, कमैया प्रथा, केटी छोप्ने प्रथा, खट्किने प्रथा, पर्दा प्रथा, छाउपाडी प्रथा, छिटो हाल्ने प्रथा, छुवाछुत प्रथा, छुई प्रथा, छोरीलाई गुफामा राख्ने प्रथा, जल खाने प्रथा, जारी प्रथा, जिब्रो छेड्ने प्रथा,जुठो खाने

तथा छाडेको खाने प्रथा, झुमा प्रथा, टेवी प्रथा, टोपेनी प्रथा, डोन तथा तिलक प्रथा, दाइजो प्रथा, देउकी प्रथा, धामी झाँक्री प्रथा, नवदुर्गा नाच प्रथा, पारपाचुके/तलाक/सम्बन्ध विच्छेद, पुङ प्रथा, पुटपुटे प्रथा, विधवा प्रथा, बेठबेगारी प्रथा, बोलकबोल वा चेली पठाउने प्रथा, ब्रत बस्ने प्रथा, बोक्सी प्रथा, भाउजु व्यहोर्ने प्रथा, मनजनी प्रथा, महाजनी प्रथा, मागी विवाह प्रथा, राँगा काट्ने प्रथा, रित खाने प्रथा, लोकन्ती प्रथा, लिङ्ग विभेद प्रथा, सौता प्रथा, साई प्रथा, सुकुम्बासी प्रथा, सुधाई प्रथा, सिनो फाल्ने प्रथा, श्रीमान श्रीमती साटासाट गर्ने प्रथा, हलिया प्रथा, हेक्तवा प्रथा आदि ।

**हिंसा**

हिंसा (कुसर र सजाय) ऐन २०६६ मा हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानिसक, आर्थिक वा यौनजन्य यातना सम्झनुपर्छ र सो शब्दमा गाली गर्ने तथा भावनात्मक चोट पुर्‍याउने अन्य कुनै कार्यलाई समेत जनाउछ भनिएको छ । त्यसैले यसले भित्र भित्र ठूलो रुप लिन पुग्छ । पीडितले ठूलो दुख कष्ट र अपमान चुपचाप सहनुपर्ने बाध्यता रहन्छ । हाम्रो जस्तो पितृसत्तात्मक समाजमा खास गरी महिला र बालिकाहरुले हिंसाको सिकार हुनुपरेको थुप्रै उदाहरणहरु हामी समाजमा देख्न पाउँछौं । चाहे त्यो शिक्षित होस् चाहे अशिक्षित नै त्यहाँ कुनै न कुनै रुपमा महिला नै पिडित रहन्छन् । हुन त कतिपय परिवारमा पुरुष र बालकहरु पनि हिंसाका सिकार नभएका होइनन् । नेपाली समाजको प्रवृत्तिको हिसाबले हेर्दा त्यसबाट बढी मात्रामा पीडित महिलाहरु नै छन् । महिलाहरु पुरुषबाट मात्र होइन महिलाबाट पनि पिडित हुनु परेका थुप्रै उदारहणहरु रहेका छन् । जस्तैः सासु, नन्द, आमाजुबाट महिलाहरु, सौतेनी आमाबाट बालिकाहरु, बुहारीबाट सासुहरु, जेठानीबाट देउरानीहरु पीडित रहेको ज्वलन्त उदारहणहरु हामी समाचार र पत्रपत्रिकाम पढ्न अनि सुन्न पाउछौं । हिंसालाई हामी शारीरक, मानसिक, आर्थिक र यौनजन्य यातना गरी ४ प्रकारमा बाँडेर हेर्न सकिन्छ ।

**शारीरिक यातना** : प्रचलित कानुन बमोजिम अंगभंग ठहर्ने बाहेक कुटपिट गर्ने, गैरकानुनी थुनामा राख्ने, शारीरिक रुपमा चोट पुर्‍याउने जस्ता कार्य यस अर्न्तगत पर्दछन् । मादक पदार्थ सेवन गरी परिवारका सदस्यहरुलाइ कुटपिट गर्ने, थुनामा राख्ने, शरीर बन्धक बनाउने, जिउदै शरीर जलाउने, जबरजस्ती काममा लगाउने, श्रम शोषण गर्ने, विरामी पर्दा औषधी उपचार नगर्ने, बहुविवाह गर्ने, प्रजनन अधिकार नदिनु जस्ता कार्यहरु यस अन्तर्गत पर्दछन् । श्रीमान्ले श्रीमतीलाई विभिन्न बहानमा कुटपिट गर्ने, घरायसी कामका लागि

बच्चाहरुलाई जबरजस्ती काममा लगाउने, घरेलु कामदारहरुलाई कुटपिट गर्ने यसका ज्वलन्त उदारहणहरु हुन् ।

**मानसिक यातना**: शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने वा मानिसक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने वा वैचरिक, धार्मिक वा सांस्कृतिक तथा प्रथा परम्पराका आधार गरिने भेदभाव यस अन्तर्गत पर्दछन् । परिवारका सदस्यहरु वीच असमान व्यवहार गर्ने, छोरा र छोरी विच विभेद गर्ने, भावनाको उपेक्षा गर्ने, शिक्षाबाट वञ्चित गर्ने, पारिवारिक बहिष्कार गर्ने कार्य पनि परिवारबीच भइरहेको पाइन्छ । यसबाट पनि पुरुषको तुलनामा महिलाहरु नै बढी पीडित भएको पाइन्छ ।

**आर्थिक यातना**: सगोल वा निज सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोत साधनको पहुँच र प्रयोगमा बञ्चित गर्ने कार्य आर्थिक यातना अन्तगत पर्दछन् । यसमा खास गरी महिलालाइ घरायसी काममा सधैं भरी लागिरहनुपर्ने तर त्यसबाट प्रत्यक्ष आर्थिक लाभ नहुने अवस्था रहन्छ । पुरुषहरु घर बाहिरको निश्चित समय काम गरी आर्थोपार्जन गर्दछन् । आर्थिक लाभबाट महिलालाई बञ्चित गर्ने कार्य, आर्थिक खर्च वा लगानीमा महिलालाई निर्णयमा सहभागी नगराइने अवस्था यस प्रकारको आर्थिक यातनाका उदाहरण हुन् ।

**यौनजन्य यातना**: यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थयमा आघात पुग्ने कार्य, जबरजस्ती करणी, देहव्यापारमा लगाउने जस्ता कार्य यौनजन्य यातना अन्तर्गत पर्दछन् । यस प्रकारका यातनामा पनि महिलाहरु नै बढी मात्रामा पीडित रहेका हुन्छन् ।

मनौवैज्ञानिक हिंसा सम्बन्धि केही शोध पत्रको रुपमा अध्ययन भएको छ जुन चाहि कुनै कथालाई आधार मानेर मात्र लेखिएको छ र द्वितिय श्रोतको प्रयोग गरिएको छ । धेरै जसो सोध पत्रहरु घरेलु हिंसाको बारेमा अध्ययन नगरिएको हुँदा यो सोधपत्र कार्य क्षेत्रमा नै पुगेर पिडित उत्तरदाताको रायलाई जस्ताको तस्तै अध्ययन गरि तथ्याङ्कक, मनोवैज्ञानिक हिंसाका स्वरुप, कारण र असरहरु पत्ता लगाइएको छ । जुनसुकै प्रकारका हिंसा भएतापनि हिंसाले पहिला मानसिक असर पारेको हुन्छ तर कुनै पनि सोधपत्रमा यसको सही व्याख्या पाइएको छैन । घरेलु हिंसा, यौन हिंसा, शारिरीक हिंसा आदिम पर्दा अरुले देख्न सक्छन् तर

मनोवैज्ञानिक हिंसा झट्टा देख्न सकिन्न । त्यसकारणले पनि मनोवैज्ञानिक हिंसा सम्बन्धि अध्यायन गर्न जरुरी छ । यस सोधपत्रमा पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९ को कृष्णटोलका महिलाहरुलाई समेटेर यथार्थ तथ्याङ्क संकलन गरिएको छ ।

## २.१२ अवधारणात्मक सैद्धान्तिक आधारमा

यस सोधपत्रमा लैङ्गिक दृष्टिकोणबाट महिलावादी सिद्धान्तलाई प्रष्ट पार्दे कसरी महिलाहरु घरपरिवारबाट तथा समाजबाट शोषित र हिंसामा परेका हुन्छन् । नेपाली समाजमा जरा गाडेर रहेका पितृसत्तात्मक समाजिक, आर्थिक, राजनैतिक, मुल्य मान्यताले महिलालाई कसरी शोषण दमन तथा हिंसाको सिकार बनाई राखेको छ भन्ने देखाउन खोजिएको छ । महिलाहरुको सामाजिक र आर्थिक पक्षको साथै महिला माथिको मनोवैज्ञानिक हिंसा र शोषण भेदभाव अवस्था र धारणालाई प्रष्ट पार्न लैङ्गिक विभेद र पितृसत्तात्मक सामाजिक संरचना र राजनैतिक, आर्थिक तथा कानुनी प्रकृया र त्यसबाट उत्पन्न हुने महिला माथिको हिंसा, अवस्था र दृष्टिकोणलाई प्रष्ट पार्न खोजिएको छ ।

## २.१३ अवधारणात्मक खाका स्वरुपको आधारमा

यस अध्यायनले महिलाहरू विरुद्ध भएको मनोवैज्ञानिक हिंसाको स्वरूपहरूको बारेमा अध्यायन अनुसन्धान गरिएको छ । यस अध्यायनमा महिलाहरू माथि घट्न हिंसाका स्वरूपहरू बिचको अन्तर सम्बन्धबाट नै महिला मनोवैज्ञानिक हिंसामा परेको देखाउन खोजिएको छ ।

**महिला विरुद्ध मनोवैज्ञानिक हिंसाका दृष्टिकोण, स्वरुप, कारण र असर**

| दृष्टिकोण | स्वरुपहरु | कारणहरु | असरहरु |
|---|---|---|---|
| माक्सवादी नारीवाद | धम्की | अशिक्षा | टोलाउने |
| | घर निकाल | गरिबी | झस्किने, डराउने |
| | दृष्टिकोण (हेराई) | मदिरा सेवन | आत्मबल घट्नु |
| लैङ्गिक विभेद | बोलाई (भाषा | पेशा | मानसिक असन्तुलन र तनाव हुनु |
| | चालचलन (व्यवहार) | लैङ्गिक विभेद | विभिन्न प्रकारका रोगको आक्रमण हुनु |
| | आरोप | | |
| | बहुविवाह | | |
| | दाइजो प्रताडना | | |

**चित्र नं. २.२ अवधारणात्मक स्वरुपको खाका**

# अध्याय – तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिकाको वडा नं. ९ मा पर्ने कृष्ण टोलका विवाहित महिलाहरूमा लुकेर रहेको मनोवैज्ञानिक हिंसालाई बुझ्न साथै यहाँ के, कस्तो, कति महिलाहरू मनोवैज्ञानिक हिंसामा परेका छन् भन्ने कुराको जानकारी लिन इच्छा लगेको र गाउँमा मात्र हिंसा नभएर कास्की पोखराको शहरी परिवेश वा आसपासमा कस्तो छ भन्ने उद्देश्यले यो क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.२ अध्ययन ढाँचा

यस अध्ययनले विशेष महिलामाथि हुने हिंसासँग सम्बन्धित आश्रित र निर्भर क्रियाहरूका आधारमा निचोडमा पुग्ने प्रयास गरिएको छ र यसका लागि वर्णनात्मक एवं विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययनसँग सम्बन्धित विविध सूचना तथा तथ्याङ्कको स्रोत स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । अध्ययन क्षेत्रको प्रतिनिधिहरुको विस्तृत विवरण लिनका लागि विभिन्न सामाजिक, आर्थिक, शैक्षिक, अवस्था, उमेर, पारिवारिक संरचना जस्ता चल तत्वहरुको खोजी गर्दै हिंसाको कारण र प्रभाव विश्लेषण गर्दै हिंसा रोक्ने कानुनी प्रयास गरिएको छ ।

## ३.३ अध्ययनको समग्र र नमुना

यस अध्ययनमा कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिकाको वडा नं. ९ मा पर्ने कृष्ण टोल (सुकुम्बासी वस्ती) समग्र २०३ घरधुरि रहेको र त्यसबाट १३२ घर धुरिका १३२ वा ६५% महिलाहरूलाई सम्भाव्यता नमुना छनौटको माध्यमबाट छनौट गरि अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्क श्रोत र प्रकृति

यस अध्ययनमा तोकिएका उद्देश्यहरु प्राप्त गर्नका लागि स्थलगत सर्वेक्षण, व्यक्तिगत अध्ययन, अवलोकन, समुहगत छलफलको आवश्यकता अनुसार प्राथमिक र द्धितिय दुवै तथ्याङ्कहरूको उपयोग गरिएको छ । प्राथामिक तथ्याङ्कक अध्ययन क्षेत्रबाट नै

संकलन गरिएको छ । द्वितिय तथ्याङ्क आवश्यक परेमा विभिन्न लेख रचना पत्रपत्रिकाबाट लिइएको छ भने तथ्याङ्कको प्रकृती आवश्यकता अनुसार गुणात्मक र मात्रात्मक छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनलाई गहिराई मा पुग्नको लागि निम्न विधिहरू प्रयोग गरि निष्कर्ष निकालिएको छ ।

क) अर्न्तवार्ता अनुसूची : प्रत्येक १३२ घर धुरिका एक एक महिला मार्फत तथ्याङ्क संकलन गरिएको छ ।

ख) वैयक्तिक अध्यायन : १३२ घर धुरिका महिलाहरू मध्येबाट ९ घरधुरिका ९ जना विवाहित महिलाको वैयक्तिक अध्यायन गरिएको छ

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

यस अध्ययनमा अर्न्तवार्ता अनुसुचीबाट आएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार संख्यात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । ९ जना महिलाहरुलाको वैयक्तिक अध्ययन पनि गरिएको छ । सामान्यतया रूपमा संख्यात्मक रूपमा प्रस्तुत गर्ने तथ्याङ्ककहरूलाई आवश्कता अनुसार तालिका, वृत्रचित्र, प्रतिशत, चार्ट आदिको प्रयोग गरि प्रस्तुत गरिएको छ । अन्य तथ्याङ्क संकलन प्राप्त तथ्याङ्कलाई व्याख्यात्मक रूपमा विश्लेषण गरि प्रस्तुत गरिएको छ ।

# अध्याय चार
# अध्ययन क्षेत्रको चिनारी तथा सामाजिक र आर्थिक अवस्था

## ४.१ अध्ययनको क्षेत्रको परिचय तथा चिनारी

कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिकामा ३३ वडा छन् । जसमध्ये अध्ययन गरिएको क्षेत्र वडा नं. ९ स्थित कृष्ण टोल जुन पृथ्वी चोकको नजिकै पूर्वमा सेती नदीको काखमा अवस्थित छ ।

## ४.२ सामान्य जनसंख्या जानकारी

कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९ स्थिति कृष्ण टोलको जम्मा जनसंख्या १२१८ जसमध्ये महिला ७२३ वा ५१.१५ प्रतिशत र पुरुष ५९५ वा ४८.८५ प्रतिशत रहेका जानकारी कृष्ण टोल विकासका अध्यक्षबाट लिएको हो ।

## ४.३ उत्तरदाताको उमेर विवरण

पुरुषको तुलनामा नेपालका महिलाहरू शिक्षाको दृष्टिले अझैपनि पछि परेका छन् त्यसको प्रमुख कारण लैङ्गिक भिन्नता र पितृसत्तात्मक समाजलाई लिन सकिन्छ । पूरानो साँचो र विवाह भएर पुरुषको घरमा जानुपर्ने संस्कारलेगर्दा पनि महिलाको शिक्षामा पुरुषको तुलनामा कमि नै रहेको देखिन्छ । अध्ययन स्थलका महिलाहरूको शैक्षिक स्थितीलाई निम्न तालिकाबाट देखाउन खोजिएको छ ।

**तालिका ४.१: उमेर आधारमा उत्तरदाताको विवरण**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १५-२५ | २६ | १९.६९ |
| २६-३५ | ४८ | ३६.३७ |
| ३६-४५ | ३४ | २५.७५ |
| ४६-५५ | २४ | १८.१८ |
| **जम्मा** | १३२ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार कुल छनौटका महिलाहरु मध्ये १५-२५ वर्ष उमेरका २६ जना वा १९.६९ प्रतिशत, २६-३५ वर्ष उमेरका महिला ४८ जना वा ३६.२७ प्रतिशत र ३६-४५ वर्षका महिलाहरु ३४ जना वा २५.७५ प्रतिशत र ४६-५५ वर्ष उमेरका महिलाहरु २४ जना वा १८.१८ प्रतिशत रहेका छन् ।

**तालिका ४.२: शैक्षिक स्तरको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ८८ | ६६.६७ |
| साक्षर | ४२ | ३१.८१ |
| एस.एल.सी | २ | १.५१ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार कुल छनौटका महिलाहरू मध्ये निरक्षर ८८ जना वा ६६.६७ प्रतिशत र साक्षर ४२ जना वा ३१.८१ प्रतिशत रहेको छ । जसमा एस.एल.सी पास गरेका २ महिला मात्र रहेछन् । यस अध्ययनमा चिठी पढ्न र लेख्न सक्नेलाई साक्षरमा राखीएको छ ।

## ४.४ उत्तरदाताको पारिवारिक संरचना

परिवारमा बस्ने सदस्यहरूको संख्याको आधारमा परिवारको आकारलाई एकल, मध्यम र संयुक्त परिवारमा वर्गिकरण गरिएको छ जसमा २ देखि ४ सदस्यहरूको परिवारलाई सानो परिवार ४ देखि ६ जना सदस्यहरू रहेको परिवारलाई मध्यम र ६देखि माथिको संख्यामा रहेको परिवारलाई ठूलो परिवारको रूपमा मानिएको छ ।

**तालिका ४.३: पारिवारिक संरचना**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ७२ | ५४.५४ |
| संयुक्त परिवार | ५५ | ४१.६७ |
| बृहत परिवार | ५ | ३.७८ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार कुल छनौटका महिला मध्ये ७२ जना वा ५४.५४ प्रतिशत एकल परिवार ५५ जना वा ४१.६७ प्रतिशत संयुक्त परिवार र ५ जना वा ३.७८ प्रतिशत बृहत परिवारमा रहेको पाइएको छ। यसमा सानो परिवार नै अबलम्बन गरेको धेरै पाइएको छ।

**तालिका ४.४: जातिय संरचनाको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| परियार | ५१ | ३८.६३ |
| वि.क | ४३ | ३२.५७ |
| तामाङ्ग | २३ | १७.४२ |
| क्षेत्री | १३ | ९.८४ |
| ब्रह्मण | २ | १.५१ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

यस अध्ययनमा यहाँका महिलाहरूको अध्ययन गर्ने क्रममा परिवार ५१ जना वा ३८.६३ प्रतिशत वि.क ४३ जना वा ३२.५७ प्रतिशत तामाङ्ग, २३ जना वा १७.४२ प्रतिशत क्षेत्री १३ जना वा ९.८४ प्रतिशत र ब्राह्मण २ जना वा १.५१ प्रतिशत रहेको पाइएको छ। जसमध्ये सबैभन्दा धेरै परिवार रहेको पाइएको छ ।

**तालिका ४.५:पेशागत आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| मजदुर | ९६ | ७२.७२ |
| गृहणी | २० | १५.१५ |
| व्यापार | १६ | १२.१२ |
| **जम्मा** | **१३२** | **१२००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार पेशाको आधारमा कुल छनौटका महिलाहरू मध्ये ९६ जना वा ७२.७२ प्रतिशत मजदुरि २० जना वा १५.१५ प्रतिशत गृहिणी, १६ जना वा १२.१२ प्रतिशत व्यापार मा संलग्न भएको पाइएको छ। जसअनुसार मजदुरी गर्ने महिला नै बढी रहेको पाइएको छ।

**तालिका ४.६:विवाहको स्वरूपको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भागी विवाह | ८९ | ६७.४ |
| मागी विवाह | ४३ | ३२.५ |
| **जम्मा** | १३२ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिकालाई केलाउदा वैवाहिक स्वरूप छनौट गरिएका १३२ महिला मध्ये ८९ जना वा ६७.४ प्रतिशत भागेर विवाह भएको ४३ जना वा ३२.५ प्रतिशत मागी विवाह भएको पाइएको छ। जस मध्ये भागेर विवाह गर्ने धेरै नै पाइएको छ।

**तालिका ४.७:उत्तरदाताको वैवाहिक स्थितिको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ११७ | ८८.६३ |
| सम्बन्ध विच्छेद | ८ | ६.०६ |
| विधवा | ७ | ५.३० |
| **जम्मा** | १३२ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७४

जम्मा १३२ जना महिलाहरुको वैवाहिक स्थिती हेर्दा विवाहित ११७ जना ८८.७३ प्रतिशत, सम्बन्ध विच्छेदन ८ जना ६.०६ प्रतिशत र विधवा ७ जना ५.३० प्रतिशत रहेको छ।

**तालिका ४.८:सन्तान उत्पादनको आधारमा उत्तरदाताको विवरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| दुई भन्दा बढी | ५५ | ४१.६६ |
| दुई मात्र | ४९ | ३७.१२ |
| एक मात्र | २४ | १८.१८ |
| छैन | ४ | ३.०३ |
| **जम्मा** | १३२ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७४

जम्मा १३२ महिलाहरु मध्ये दुई जना भन्दा बढी सन्तान उत्पादन गर्ने ५५ जना ४१.६६ प्रतिशत, दुई मात्र सन्तान उत्पादन गर्ने ४९ मा ३७.१२ प्रतिशत र सन्तान नभएको ४ जना ३.०३ प्रतिशत रहेका छन् ।

**तालिका ४.९ धर्मको आधारमा उत्तरदाताको विवरण**

| **विवरण** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|
| हिन्दु | ४५ | ३४.१० |
| बौद्ध | ४१ | ३०.३० |
| क्रिस्चियन | ३९ | २९.५४ |
| मुस्लिम | ७ | ५.३० |
| **जम्मा** | १३२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

धर्मका आधारमा महिलालाई यसरी हेरिएको छ कि माथिको तालिका अनुसार हिन्दु ४५ जना ३४.१० प्रतिशत, वौद्ध ४१ जना ३०.३० प्रतिशत, क्रिश्चियन ३९ जना ३९ जनामा ३९.५४ प्रतिशत र मुस्लिम ७ जना ५.३० प्रतिशत महिला रहेका छन् ।

# अध्याय पाँच

# मनोवैज्ञानिक हिंसाका स्वरुप, कारण र असरहरू

महिला हिंसा भन्नाले महिला माथि हुने कुटपिट, दण्ड, पिडा, बहुविवाह, मानसिक यातना आदि जस्ता कार्यहरू पर्दछन् । नेपाल बहुजाति बहुभाषिक, बहुसंस्कृति विशेषता भएको हुँदा हिंसाका प्रत्येक समुदाय र स्थानमा फरक फरक रहेको पाइन्छ । समाज अनुसार यौनिक शारिरीक, घरेलु र मनोवैज्ञानिक  जस्ता महिला विरुद्धका हिंसाहरू भइरहेका हुन्छन् । जुन हिंसाको कारणले महिलामा भित्र चोट वा भावना र दिलमा चोट पर्दछ त्यसलाई मनोवैज्ञानिक हिंसा भनिन्छ । यस्तो प्रकारको हिंसा निम्त्याउने कारणहरूमा छोरा नजन्माएको, बहुविवाह, बोक्सीको आरोप परिवारको इच्छा विपरित काम गरेको, खाना मिठो नपाकाएको, दाइजो नल्याएको, विधुवा भएको आदि ।

महिलामाथि हुने हिंसाको कारण यहि नै हो भनेर किटान गर्न एकदमै कठिन छ, किनभने यस्तो हिंसाको प्रमाण जुटाउन गाह्रो छ । कुनै निश्चित कारणमात्र जिम्मेवार छैनन् । सामान्य भन्दा सामान्य कारणले पनि माहिलामाथि मनोवैज्ञानिक हिंसा भएको पाइन्छ तर असर ठूलो परेको हुन्छ । हिंसाको कारणले महिलाको सामाजिक, आर्थिक, मानसिक र शारिरीक असर परेको हुन्छ । मनोवैज्ञानिक हिंसाको कारणले महिलाहरू मानसिक सन्तुलन गुमाउने, आत्माहत्याको प्रयास गर्ने, बढी निराशा एवं टोलाउने, निन्द्रा नलाग्ने, टाउको दुखिरहने केही कुराको सम्झना नआउने अथवा कुराहरू छिटो बिर्सने, डराउने, झस्कने, एकन्तमा बस्न मन लाग्ने, काम गर्न मन नलाग्ने, समुहमा नबस्ने, रिस उठ्ने जस्ता कारणहरूले गर्दा परिवारका सदस्यहरू लगायत छोराछोरीहरूलाई पनि असर परेको हुन्छ । अझ श्रीमानबाट पिडित महिलाले माहिलामाथि हुने हिंसाले उसलाई त असर परेकै हुन्छ तर उसका कारणले घर परिवारका सदस्य लगायत नातागोतालाई पनि अप्रत्यक्ष असर परिरहेको हुन्छ । मनोवैज्ञानिक हिंसाको कारणले महिला आफ्नो घर छोडी माइतमा नै बस्ने गरेको पनि पाइन्छ र सुरक्षित हुन्छ किनभने माइत बस्दा पनि विभिन्न प्रकारका मानसिक यातना भोग्नु परेको अवस्था पाइएको छ ।

## ५.१ हिंसाका स्वरुपहरुः

हिंसाका कारण विभिन्न प्रकारका घटनाहरु घटेका हुन्छन् । नेपालमा हिंसा दिन दिनै बढ्दै गएको पाइन्छ । महिला माथि विभिन्न आरोप लगाई पिडा दिने गरेको पाइयो । महिला

माथि यातना, दण्ड, हत्या जस्ता अपराधिक क्रियाकलापहरु भएको पाइन्छ । अशिक्षा गरिबी, कुसंस्कार, कुरिती, जस्ता कुराले हिंसालाई अझ बढी प्रशय दिएको छ । महिलाले महिलामाथि पुरुषले महिलामाथि हरेक प्रकारका यातना, पिडा, दुर्व्यवहार गाली, डकौती, हत्या जस्ता हिंसात्मक कार्यहरु सहन नसेकर उनीहरुले आत्महत्या गर्ने प्रयास पनि गर्ने गर्दछन् ।

यस अध्ययनले पोखरा लेखनाथ महानगरपाकिलाको कृष्ण टोलको अध्ययन गर्ने क्रममा र यस अध्ययनमा श्रीमान्ले मात्र हिंसा गरेको नभएर घरपरिवार, समाज, नातागोता आदिले पनि त्यहाँका महिलामाथि गरेको मनोवैज्ञानिक हिंसालाई पुष्टि गर्न खोजिएको छ । मनौवैज्ञानिक हिंसाका भिन्न भिन्न स्वरुपहरु देखिएका छन् । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका ५.१: मनोवैज्ञानिक हिंसाका स्वरुपहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| चरित्रमा आक्षेप लागि पिडित भएको | १०९ | ८२.५७ |
| चरित्रमा आक्षेप लागि पिडित नभएको | १६ | १२.१२ |
| भन्न नचाहने | ७ | ५.३० |
| जम्मा | १३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

मनोवैज्ञानिक हिंसाका स्वरुपहरु मध्ये चरित्रामा आक्षेप लाग्नुले महिलाको आत्मसम्मानमा घात पुऱ्याएको हुन्छ । माथिको तालिका अनुसार पिडित भएका महिला १०९ जना वा ८२.५७ प्रतिशत, पिडित नभएको १६ जना वा १२.१२ प्रतिशत र भन्न नचाहने ७ जना वा ५.३० प्रतिशत रहेका छन् ।

## वैयक्तिक अध्ययन–क

*म रिमा अधिकारी (नाम परिवर्तन) म घरको काम सेकर दिनमा अरुको घरमा कपडा धुन जान्छु । मेरो श्रीमान् गाडी चलाउनु हुन्छ । मेरा १ छोरा र २ छोरी छन् । छोराछोरी स्कुलबाट आउँदा म घरमा आइपुग्नु पर्छ । मेरो श्रीमानले कमाएको एक पैसा पनि मलाई दिनु हुन्न पैसा के गर्नु भएको छ भन्दा तलाई किन चाहियो भन्नुहुन्छ । मैले कपडा धोएर नै छोराछोरी पालेकी छु । साँझ घरमा आउदा रक्सी खाएर आउनुहुन्छ र अपशब्द म माथि प्रहार गर्नुहुन्छ । छोरा छोरी रुन थाल्छन् म पनि रोएर नै रात काट्छु । कसको घर घर कपडा धुन जान्छे कि के गर्न जान्छेस् । भन्दै विभिन्न चारित्रिक लाल्छना लगाउनु हुन्छ । आजकल पहिलेको जस्तो काम पनि गिर्न सक्दिन सेतीमा हाम फालेर मरु कि जस्तो लाग्छ ।*

**तालिका ५.२: मनोवैज्ञानिक हिंसाका स्वरुप**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| यौनजय हेराईबाट पिडित भएको | ११२ | ८४.८४ |
| यौनजन्य हेराईबाट पिडित नभएको | ६ | ४.५४ |
| भन्न नचाहने | १४ | १०.६० |
| **जम्मा** | **१३२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

मनोवैज्ञानिक हिंसाका रुवरुपहरु मध्ये यौनजन्य हेराईले महिलाको आत्मसम्मानमा अघात पुऱ्याएको हुन्छ । माथि तालिका अनुसार पिडित भएका महिला ११२ जना वा ८४.८४ प्रतिशत, पिडित नभएको ६ जना वा ४.५४ प्रतिशत र भन्न नचाहने १४ जना वा १०.६० प्रतिशत रहेका छन् ।

## वैयक्तिक अध्ययन-ख

*म मन कुमारी वि.क (नाम परिवर्तन) ३४ वर्ष कि भए । मेरो श्रीमान विदेश हुनुहुन्छ । मेरो १ छोरी छ म घरमा नै बस्नु मेरो साथमा सासु ससुरा पनि हुनुहुन्छ । म घरको काममा नै व्यस्त हुन्छु । म श्रीमान् विच राम्रो सम्बन्ध छ । मेरो घर भन्दा अलि परको एउटा विवाहित केटा मेरो घरमा आउने जाने गर्दथ्यो । मैले उसलाई राम्रो मान्छे मान्दथे केही काम परेमा पनि सघाइदिन्थ्यो । एक दिन उसले मेरो श्रीमानले पैसा पठाएको थाहा पाएछ मेरो घरमा आएर मलाई सारै गाह्रो भयो अलिकति पैसा सहयोग गर भन्यो । मैले पनि हुन्छ भनि श्रीमान्ले पठाएको चार लाख रुपैया दिए । पछि त्यो पैसा फिर्ता गर्न मानने उल्टो उसले "म सँग यौन सम्पर्क राख्ने भए दिन्छु नत्र दिन्न" भन्ने गऱ्यो । "म यस्तो नराम्रो हिंसामा परे" के गर्नु समाजलाई भनौ भने आत्मसम्मान घट्ने र इज्जतको डर म यो कुरालाई लुकाएर राखेकी छु मलाई त्यसैकारणले गर्दा डिप्रेसन भएको छ । डाक्टरले डिप्रेशन भएर भनेर औषधी सेवन गरेकी छु ।*

**तालिका ५.३: मनोवैज्ञानिक हिंसाका स्वरुप**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| धम्की बाट पिडित भएको | ९४ | ७१.२१ |
| धम्की बाट पिडित नभएको | २४ | ३१.६८ |
| भन्न नचाहने | १४ | १०.६० |
| **जम्मा** | **१३२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

मनोवैज्ञानिक हिंसाका स्वरुपहरु मध्ये धम्कि दिनु एक स्वरुप भएको हुनाले माथिको तालिका अनुसार ९४ जना वा ७१.२१ प्रतिशत पिडित भएको २४ जना वा ३१.६८ प्रतिशत पिडित नभएको वा १४ जना वा १०.६० प्रतिशत भन्न नचाहने रहेको छन् ।

**तालिका ५.४: मनोवैज्ञानिक हिंसाका स्वरुप**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बोलाईबाट पिडित भएको | ९४ | ७२.७२ |
| बोलाईबाट पिडित नभएको | १९ | १४.३९ |
| भन्न नचाहने | १७ | १२.८७ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

मनोवैज्ञानिक हिंसाका स्वरुपहरु मध्ये धम्कि दिनु एक स्वरुप मध्ये बोलीको माध्यमबाट हिंसामा परेका महिलाहरु माथिको तालिका अनुसार ९७ जना वा ७२.७२ प्रतिशत पिडित भएका १९ जना वा १४.३९ प्रतिशत पिडित नभएका र १७  जना १२.८७ प्रतिशत भन्न नचाहने रहेका छन् ।

## वैयक्तिक अध्ययन-ग

*मेरो नाम रिता घिमिरे (नाम परिवर्तन) हो । मेरो श्रीमान् ट्याक्टर चलाउनुहुन्छ । म मजदुर काममा जान्छु । हाम्रो  १ छोरा १ छोरी छन् । म बिहान खाना बनाएर छोरा छोरी र श्रीमान्लाई खाना खानु भनेर मेरो लागि टिफिनमा राखेर घर ढलान गर्न जान्छु त्यहाँ छोरा मान्छे र छोरी मान्छे सबै मिलेर काम गर्नुपर्छ । काम गर्ने सन्दर्भमा एक जना राम बहादुर (नाम परिवर्तन) ले सिमेन्ट बालुवा पास गर्ने क्रममा मेरो हात च्याप्प समाउने गर्दथ्यो । मलाई कसैले देखलान् कि भन्ने डर लागेर हातपत सारे र त्यसको आडमा पनि बसिन धेरै दिन त्यो मेरो आडमा आउने काम गर्दा कोट्याउने हात समात्ने गऱ्यो । म रिसाय यस्तो नगर किन गरेको कसैले देखेर मेरो श्रीमान्लाई भनिदिए भने मलाई घरबाट निकाल्छन् भने र पनि त्यसले म माथि त्यस्तै व्यवहार गऱ्यो । काममा नजाउ भने आर्थिक आम्दानी गर्नु छ । जाउ त्यसले त्यस्तो गर्छ मलाई साह्रै पिर पऱ्यो १,२ दिन त काममा पनि गइन काममा नजाँदा श्रीमान्ले तँलाई खाना कसले पुऱ्याउँछ भन्नु भो फेरी जान थाले त्यसले त्यही व्यवहार देखाउन थाल्यो । म कति समस्यामा परे एक दिन त मेरो साथीले देखेछ र श्रीमान्लाई कुरा लगाईदिएछ । श्रीमान्ले बेलुका घर आउँदा त त्यसैसँग जा किन आईस भन्नु भो । त्यही कारणले गर्दा मेरो र श्रीमान्को विचमा खटपट भईरहन्छ । यसो केही घर व्यवहारको कुरा निस्कियो भने त त्यसैसँग जा भनेर घोचिरहनु हुन्छ । मेरो त्यहाँ के गल्ति*

*छ भनेर श्रीमान्लाई सम्झाउदा मलाई नराम्रो शब्दले घोचिरहनु हुन्छ । म एक्लै बसेर रुन्छु कसलाई भन्ने यस्तो कुरा जुन भन्नेले त बुझ्दैनन् ........ ।*

**तालिका ५.५: मनोवैज्ञानिक हिंसाका स्वरुप**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| दाइजो प्रताडनाबाट पिडित भएको | ८४ | ६३.६३ |
| दाइजो प्रताडनाबाट पिडित नभएको | २६ | १९.६९ |
| भन्न नचाहने | २२ | १६.६६ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

मनोवैज्ञानिक हिंसाका स्वरुपहरु मध्ये दाइजो प्रताडना एक हो माथिको तालिका अनुसार पिडित भएका ८४ जना वा ६३.६३ प्रतिशत, पिडित नभएका २६ जना वा १९.६९ प्रतिशत र भन्न नचाहने २२ जना वा १६.६६ प्रतिशत रहेका छन् ।

**तालिका ५.६: मनोवैज्ञानिक हिंसाका स्वरुप**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान्को बहुविवाह पिडित भएको | ६७ | ५०.७५ |
| श्रीमान्को बहुविवाहबाट पिडित नभएको | ४१ | ३१.१० |
| भन्न नचाहने | २४ | १८.१० |
| **जम्मा** | **१३२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

मनोवैज्ञानिक हिंसाका स्वरुपहरु मध्ये श्रीमानको बहुविवाहको कारण महिला पिडित रहेका छन् माथिको तालिका अनुसार पिडित भएका ६७ जना वा ५०.७५ प्रतिशत र पिडित नभएका ४१ जना वा ३१.१० प्रतिशत र भन्न चाहने २४ जना वा १८.१८ प्रतिशत रहेका छन् ।

**तालिका ५.७: मनोवैज्ञानिक हिंसामा पर्ने पिडकहरू**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घरपरिवार | ४८ | ३६.३० |
| समाज | ३३ | २५ |
| नातागोता | २८ | २१.२१ |
| थाहा छैन | १२ | ९.१ |
| **भन्न नचाहने** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षाण, २०७४

माथिको तालिका अनुसार कुल छनौटमा राखिएका महिलाहरूलाई मनोवैज्ञानिक हिंसामा पार्ने पिडकहरूमा घरपरिवार ४८ जना वा ३६.३० प्रतिशत समाज ३३ जना वा २५ प्रतिशत, नातागोता २८ जना वा २१.२१ प्रतिशत, थाहा छैन १२ जना वा ९.१० प्रतिशत र भन्न नचाहने ८.३३ प्रतिशत भेटियो जसअनुसार सबैभन्दा बढी महिला माथि मनोवैज्ञानिक हिंसामा पार्ने पुरुष घरपरिवार कै भेटिएको छ।

## ५.२ हिंसाका कारणहरुः

उत्तरदाताहरुको अनुसार पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९, कृष्णटोलका महिलाहरु मनोवैज्ञानिक हिंसामा पर्नुका कारणहरु निम्न तालिकाबाट प्रष्ट पार्न खोजिएको छ ।

**तालिका ५.८: मनोवैज्ञानिक हिंसाका कारणहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षाको कारण पिडित भएको | ९३ | ७०.४५ |
| अशिक्षाको कारण पिडित नभएको | २२ | १६.६६ |
| भन्न नचाहने | १७ | १२.८७ |
| जम्मा | १३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार अशिक्षाको कारणले पिडित भएको ९३ जना वा ७०.४५ प्रतिशत पिडित नभएका २२ जना वा १६.६६ प्रतिशत र भन्न नचाहने १७ जना वा १२.८७ प्रतिशत रहेका छन् ।

## वैयक्तिक अध्ययन-घ

*म अनिता गुरुङ्ग (नाम परिवर्तन) म २९ वर्ष कि भए मेरो सानो व्यवसाय छ । मेरो श्रीमान् फर्निचरको काम गर्नुहुन्छ । मेरो ३ छोरा छोरी छन् । म बिहान घरको काम सकेर दोकान जान्छु । दोकानमा अनेक थरीका मान्छे आउछन् तर धेरै छोरा मान्छे आएर मलाई हेरिरहने, आँखा झिम्काउने, एक दुई जनाले त मुखै फोरे तिमीलाई म भगाएर लैजान्छु भन्छन् । तिनीहरुसँग बादविवाद गरौं भने सबैले त्यो कुरा थाहा पाउँछन् कि भन्ने डर नबोली बस्छु । यस्तो हिंसामा परेकी छु । अब म के गर्ने कुन दिन श्रीमान्ले थाहा पाउनु हुन्छ भन्ने पिडा भइरहन्छ अरु आफन्त कसैले थाहा पाए भने के होला भन्ने चिन्ता लागि रहन्छ । यहि चिन्ताले मलाई चितामा बेलैमा पुऱ्याउने भयो ।*

**तालिका ५.९: मनोवैज्ञानिक हिंसामा पर्नुका कारणहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गरिबीको कारण | ९७ | ७३.४८ |
| गरिबीको होइन | २८ | २१.२१ |
| भन्न नचाहने | ७ | ५.३० |
| जम्मा | १३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार गरिबीको कारणले नै हिंसामा परेका हौं भन्ने ९७ जना वा ७३.४८ प्रतिशत, गरिबीको कारण होइन भन्ने २८ जना वा २१.२१ प्रतिशत र भन्न नचाहने ७ जना वा ५.३० प्रतिशत रहेका छन् ।

**तालिका ५.१०: मनोवैज्ञानिक हिंसामा पर्नुका कारणहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| मदिरा सेवनका कारण हो | १०८ | ८१.८१ |
| मदिरा सेवनका कारण होइन | १५ | ११.३६ |
| भन्न नचाहने | ९ | ६.८१ |
| जम्मा | १३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

तालिका अनुसार मदिरा सेवन गर्नाले महिलाहरु पिडित रहेका १०८ वा ८१.८१ प्रतिशत र होइन भन्नेहरु १५ जना वा ११.३७ प्रतिशत र थाहा छैन भन्ने ९ जना वा ६.८१ प्रतिशत रहेका छन् ।

**तालिका ५.११: मनोवैज्ञानिक हिंसामा पर्नुका कारणहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पेशाको कारण हो | ८२ | ६२.१२ |
| पोशाको कारणले होइन | २७ | २०.४५ |
| थाहा छैन | २३ | १७ |
| जम्मा | १३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार पेशाको कारणले गर्दा हिंसामा परेको हो भन्ने ८२ जना ६२.१२ प्रतिशत, पेशाको कारणले होइन भन्ने २७ जना २०.४५ प्रतिशत र थाहा छैन भन्ने २३ जना वा १७.४२ प्रतिशत रहेका छन् ।

## वैयक्तिक अध्ययन–ङ

*म रिता गुरुङ्ग (नाम परिवर्तन) मा डोकोमा फलफूल लिएर दिउँसो केटाकेटी स्कुल गएपछि बेच्न बासपार्क तिर जान्छु । उकदिन म एक ग्राहसँग फलफूल महङ्गो छ । दिनमा २०० रुपैया नाफा कमाउन पनि गाह्रो छ । दाई १ केजी स्याउ भएपनि लैजानुन । भन्दै कुरा गरिरहेकी थिए । मेरो श्रमिान् त ट्रकमा बसेर हेरिरहनु भएको रहेछ । बेलुका म घर*

*आएपछि त दिनभर मस्किएर दाई भन्दै... मलाई गाह्रो छ भन्दै थिइस त । त्यसैले खाना दिन्छ होला नी ! जा त्यसै सँग भन्दै मलाई हात पात पनि गर्नुभयो । अब मैले कसरी के गरेर खानु छोराछोरी कसरी पालनु । उसको कमाईले पुग्ने भए म थुपुक्क घरमा नै बस्थे नि किन डोको नाम्लो गरेर दिन भर धुलोमा हिडनु थियो र । सधे यस्तै गर्नुहुन्छ आजकल ग्राहक सँग पनि बोल्न मन लाग्दैन । नबोले व्यापार हुँदैन म सारै समस्यामा परेकी छु ।*

**तालिका ५.१२: मनोवैज्ञानिक हिंसामा पर्नुका कारणहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| लैङ्गिक विभेदको कारण हो | ९३ | ७०.४५ |
| लैङ्गिक विभेदको कारण होइन | १३ | ९.८४ |
| भन्न नचाहने | २७ | २०.४५ |
| जम्मा | १३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४

समाजले निम्त्याएको लैङ्गिक विभेदका कारणले मनोवैज्ञानिक हिंसामा परेका हौं भन्ने महिलाहरु ९३ जना वा ७०.४५ प्रतिशत र होइन भन्ने महिलाहरु १३ जना ९.८४ प्रतिशत र भन्न नचाहने २७ जना वा २०.४५ प्रतिशत महिलाहरु रहेका छन् ।

## वैयक्तिक अध्ययन–च

*म अनिता तामाङ्ग (नाम परिवर्तन) म ४६ वर्षको भए मेरा एक छोरा र एक छोरी छन् । तिनीहरु ठूला भै सकेका छन् । श्रीमान् तरकारी मन्डीमा काम गर्नुहुन्छ । म एक अफिसमा पिउनको काम गर्छु त्यहाँ काम गर्न लागेको १० वर्ष भयो । त्यहाँको पुरुष कर्मचारीको म प्रति गरेको व्यवहार देखेर दिक्क लागेको छ । उनीहरुले म प्रति हेरेको हेराई, बोलाई र हेपाई देखेर काम नगरौं जस्तो लाग्छ फेरी काम छोडौं भने श्रीमान्लाई मात्र घर धान्न गाह्रो हुन्छ । महिला भनेर अफिसका सरहरुले हेप्नुहुन्छ । के भनौं त्यहाँ म हिंसामा परेकी छु ।*

### ५.३ मनोवैज्ञानिक हिंसाका असरहरुः

उत्तरदाताहरुको अनुसार पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९, कृष्णटोलका महिलाहरुमा मनोवैज्ञानिक हिंसाबाट निम्न असरहरु परेका छन् ।

**तालिका ५.१३: मनोवैज्ञानिक हिंसाका असरहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| टोलाउने | ६५ | ४९.२४ |
| झस्किने | २५ | १८.९३ |
| डराउने | २२ | १६.६६ |
| केही भन्न नचाहने | २० | १५.१५ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार मनोवैज्ञानिक हिंसाको कारणले गर्दा महिलाहरुमा टोलाउनेको संख्या ६५जना र ४९.२४ प्रतिशत, झस्किनेको संख्या २५ वा १८,९३ प्रतिशत, डराउनेको संख्या २५ वा १८.९३ प्रतिशत, डराउनेको संख्या २२ जना वा १६.६६ प्रतिशत र केही पनि भन्न नचाहनेको संख्या २० जना वा १५.१५ प्रतिशत रहेका छन् ।

## वैयक्तिक अध्ययन-छ

*म गिता रोका (नाम परिवर्तन) म ४५ वर्ष की भए आजका दिन सम्म पनि यि नङग्रा नखिए सम्म खानु छैन । मेरो श्रीमान्को जेठी बुढी हुँ । म माथि सौता ल्याउनु भयो त्यो दिन बाट मेरो आँखामा आँसु टुटेको छैन मेरो बच्चा पनि छैन । आजकल मलाई एकान्तमा टोलाएर बस्न मन पर्छ । केही काम गर्न पनि मन लाग्दैन । जिन्दगी देखि धिक्कार लागेको छ । म कसको लागि बाँच्नु र ? मेरो को छ र ? आजकल रक्सी खाने लत लागेको छ । हात पनि यस्तो काम्न लागेको छ । काल पनि अएन ।*

**तालिका ५.१४: मनोवैज्ञानिक हिंसाका असरहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आत्मबल घटेको छ | ११२ | ८४.८४ |
| आत्मबल घटेको छैन | ११ | ८.३३ |
| थाहा छैन | ९ | ६.८१ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार मनोवैज्ञानिक हिंसाको कारण महिलाहरुमा आत्मबल घट्नुको संख्या ११२ जना वा ८४.८४ प्रतिशत, आत्मबल घटेको छैन भन्नेको संख्या ११ जना वा ८.३३ प्रतिशत र थाहा छैन भन्नेको संख्या ९ जना वा ७.८१ प्रतिशत रहेका छन् ।

**तालिका ५.१५: मनोवैज्ञानिक हिंसाका असरहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| तनाव हुनु | ५४ | ४०.९० |
| मानसिक सन्तुलन असर | ४३ | ३२.५७ |
| केही भएको छैन | १३ | ९.८४ |
| भन्न नचाहने | २२ | १६.६६ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार मनोवैज्ञानिक हिंसाको कारणले तनाव हुने महिला ५४ जना वा ४०.९० प्रतिशत र मानसिक सन्तुलनमा असर पर्ने ४३ जना वा ३२.५० प्रतिशत केही नभएको १३ जना ९.८४ प्रतिशत र भन्न नचाहने २२ जना वा १६.६६ प्रतिशत रहेका पाइएको छ ।

**तालिका ५.१६: मनोवैज्ञानिक हिंसाका असरहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| औषधी सेवन गर्ने | ७६ | ५७.५७ |
| औषधी सेवन नगर्ने | ३७ | २८ |
| थाहा छैन | १९ | १४.३९ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार विभिन्न प्रकारका रोगको आक्रमणबाट औषधी सेवन गर्नको संख्या ७६ जना वा ५७ प्रतिशत, औषधी सेवन नगर्नेको संख्या ३७ जना वा २८ प्रतिशत थाहा छैन भन्नेको संख्या १९ जना वा १४.३९ प्रतिशत रहेको छ ।

**तालिका ५.१७: हिंसाको विरोध नगर्नुको कारण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| घरनिकाला | ४९ | ३७.१२ |
| इज्जत | ४६ | ३४.८४ |
| कुटपिट | ३७ | २८.०३ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

जति सुकै हिंसामा परे पनि महिलाहरुले विभिन्न डरका कारणले गर्दा आफ्नो मनमा गुम्सिएर बसेको हिंसालाई व्यक्त गर्न सक्दैन । जसमा १३२ जना महिला मध्ये घर निकाला गरिदिन्छन् कि भन्ने डरले ४१ जना ३९.१२ प्रतिशत, इज्जतको डरले ४६ जना ३४.८४ प्रतिशत र कुटपिटको डरले ३७ जना ५८.०३ जना रहेको छन् ।

**तालिका ५.१८ः हिंसामा परेपछि पिडकले गर्ने उजुरी विवरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| गोप्य राख्ने | ११७ | ८८.६३ |
| नातागोता साथीलाई भन्ने | ११ | ८.३३ |
| प्रहरी र राजनितिक व्यक्तिलाई भन्ने | ४ | ३.०३ |
| **जम्मा** | **१३२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

महिला हिंसामा परेपछि विभिन्न डरका कारणले बाहिर भन्न चाहदैनन् । माथिको तालिका अनुसार हिंसा गोप्य राख्नेको संख्या अत्याधिक बढी देखिएको छ जम्मा १३२ महिला मध्ये ११७ जना ८८.६३ प्रतिशत महिला हिंसा गोप्य राख्ने रहेका छन् । नातागोता साथीलाई भन्ने ११ जना ८.३३ प्रतिशत रहेका छन् भने प्रहरी र राजनितिक व्यक्तिलाई भन्ने ४ जना ३.०३ प्रतिशत रहेका छन् ।

## ५.४ महिला विरुद्धको हिंसा रोकथामका बारेमा धारणा

महिला विरुद्धको हिंसालाई कम गर्ने वा रोक्नका लागि प्रथमताः महिला शिक्षालाई जोड दिनुपर्ने साथै आफ्ना अधिकारबारे महिलामा जनचेतना जगाउनु पर्ने धारणा उत्तरदाता महिला तथा मुख्य सूचना दाताहरूको रहेको पाइन्छ । साथै समाजमा विद्यमान रहेको रूढीवादी धारणा तथा अन्धविश्वासले गर्दा पनि महिलालाई भेदभाव गर्ने परिपाटी रहदै आएको हुँदा महिलालाई पुरुषभन्दा तल्लो दर्जामा राख्ने परम्पराको अन्त्य गर्नका लागि सर्वप्रथम महिला शिक्षा नै जोड दिई महिला स्वयंमा आफुलाई कमजोर ठान्ने मनसिकता हटाउनुपर्ने धारणा राख्दछन् । उत्तरदाता तथा मुख्य सूचनादाताहरू महिलाहरूलाइ आफ्नो अधिकार तर्फ सचेतना दिँदै सिपमुलक तालिमहरू प्रदान गरेर आत्मनिर्भर बनाउनु जरुरी रहेको छ, जसले गर्दा पुरुषमाथिको आर्थिक निर्भरता कमी आउँदछ, साथै सिपमुलक तालिमले आयआर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफुलाई आत्मविश्वास बढाउने हुन सक्छिन् । जसले गर्दा हिंसा सहेर बस्न बाध्यता रहदैन । महिला विरुद्धको हिंसा रोक्न प्रथमतः रूढीवादी धारणा साथै लैङ्गिक विभेदमा परिवर्तन ल्याउनुपर्दछ । महिला विरुद्धको हिंसालाई काम गर्न पारिवारिक मेलमिलाप र समन्वयको प्रकृयाबाट समस्या समाधान गर्ने गराउने सम्बन्धमा विशेष कानुन, कार्यविधि र संयन्त्रको अभाव खड्किएको छ । महिला विरुद्धको हिंसा रोकथामको लागि स्पष्ट कानुन, सरल कार्यविधि, मेलमिलाप, समन्वयन जस्ता उपचार पद्धति हिंसाको प्रकृति र मात्र अनुसार सजाय र क्षतिपूर्तिको व्यवस्था स्थानिय निकायको पुनस्थापना र हेरविचार सम्बन्धि विशेष संरक्षणात्मक व्यवस्था जस्ता पक्षलाई समेटि उचित कानुन बन्नु जरुरि छ भन्ने धारणा मुख्य सूचनादाताहरूको रहेको छ ।

## ५.५ कानूनी व्यवस्था तथा सम्बन्धित संघ संस्थाको बारेमा जानकारी

नेपाली महिलाहरू प्रायः घरधन्दा र बचेको समय कृषि तथा अन्य सामान्य आर्थिक गतिविधिमा संलग्न रहने हुनाले अधिकांशलाई हिंसा प्रति कानूनी उपचार हुन्छ भन्ने जानकारी हुँदैन । विभिन्न कारणले गर्दा हिंसा विरुद्धमा लाग्न नसक्ने अवस्था पनि रहेको हुन्छ । यसै सन्दर्भमा प्रस्तुत अध्यायनमा महिलालाई कानूनी उपचार सम्बन्धी कुराहरू जानकारी भए नभएको जानकारी लिने प्रयास गरिएको थियो जसलाई तलको तालिममा देखाइएको छ ।

**तालिका ५.१९:महिलामा कानुनी व्यवस्था सम्बन्धि जानकारी**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी भएको | ८९ | ६७.४२ |
| जानकारी नभएको | ४३ | ३२.५८ |
| जम्मा | १३२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार उत्तरदाता महिला मध्ये ८९ जना वा ६७.४२ प्रतिशत महिलालाई महिला विरुद्धको हिंसा सम्बन्धमा भएको कानूनी व्यवस्था सम्बन्धमा जानकारी नभएको र बाँकी ४३ जना वा ३२.५८ प्रतिशत महिलालाई सो सम्बन्धमा जानकारी भएको पाइएको छ । ६७.४२ प्रतिशत जानकारी हुने महिलालाई संचार माध्यम, पत्रपात्रिकको र संगीसाथीसँगको कुराकानी, आमा समुह, टोल विकास, विभिन्न संघसंस्था, मार्फत जानकारी हुन पुगेको देखियो । कानूनी अवस्था तथा महिला उत्थानको संस्था सम्बन्धी जानकारी हुन पुगेको देखियो । कानूनी अवस्था तथा महिला उत्थानका संस्था सम्बन्धी जानकारी नहुने महिला आफ्ना छिमेकी, जनप्रतिनिधि र इष्टमित्र मार्फत सल्लाह पाई कानूनी उपचारका लागि जाने पाइयो । जानकारी भएका महिलाहरू कानून प्रावधानबारे जानकारी भएको तर उजुरीको लागि प्रहरीमा जानुपर्ने सम्मको मात्र जानकारी रहेको बुझिएको छ ।

तर मनोवैज्ञानिक हिंसा लिएर प्रहरी वा कानूनी रूपमा जाने क्रममा हिंसाको प्रमाणहरू पेश गर्नुपर्ने भएको हुनाले यस्तो हिंसामा परेका महिलाहरूले न्याय पाउन ज्यादै कठिन देखियो । यस्तो हिंसामा प्रमाणहरू जुटाउन कुनै मिल्ने अवस्था हुन्छ भने कुनै नमिल्ने अवस्था हुन्छ । जस्तै पुरुषको नकरात्मक हेराई, अपशब्द, इशाराको क्रियाकलाप, केकस्तो प्रकारको प्रमाण जुटाउने भन्ने प्रश्न मनोवैज्ञनिक हिंसामा पर्ने महिलाहरूको थियो । अहिलेको सन्दर्भमा हेर्दा शारीरिक हिंसा र यौन हिंसा भन्दा पनि बढी मनोवैज्ञानिक हिंसामा परेको यस अध्ययन र अनुसन्धानले स्पष्ट पारेको छ ।

## वैयक्तिक अध्ययन-ज

*म रिना थापा (नाम परिवर्तन) म २२ वर्षकी भए मेरो श्रीमान्‌ले ट्याक्टर चलाउनुहुन्छ । म घरमा नै बसीरहन्छु मेरो बिहे भएको ६ वर्ष भयो । मेरो भागी बिहे भएको हो । बाबा आमाले माईत पनि बोलाउनु भएको (टिका दिनु) छैन । एक दिनको कुरा हो म दिदीका घर पामे गएको थिए । बस कुर्दा कुर्दा बस पनि आएर मलाइ घर नुपुगी भएको*

*थिएन । भाग्यबस सँगै पढेको एकजना केटा साथी भेटिनु भयो मैले समस्या भने पछि उहाँले मोटरसाइकलमा घर पुऱ्याइदिन्छु भन्नु भयो । मैले हुन्छ भने श्रीमान्ले ट्याक्टर लिएर पराल लिन भनी साहुको काम गर्न जानु भएको रहेछ । ठ्क्क बाटोमा मलाई देख्नु भएको रहेछ । आएपछि को सँग किन गएकि त्यसैसँग जा म अर्को विवाह गरि बस्छु भनि धम्क्याउनु हुन्छ । त्यसले गर्दा मेरो घरबार नै विग्रिएको छ । त्यस दिन बाट "श्रीमान्ले त्यसैसँग जा भन्नु हुन्छ म के गर्ने माइत जाउ भने जाने ठाउँ छैन घरमा बसौ बस्न सक्ने स्थिती छैन" मलाई साह्रो गाह्रो भएको छ ।*

# अध्याय छ
# साराशं, निष्कर्ष र  सुझावहरु

यस अध्ययनमा अध्ययनको साराशं, निष्कर्ष, सुझाव, सन्दर्भ सामाग्रीहरु, प्रश्नवली र अध्ययन क्षेत्रको नक्सा प्रस्तुत गरिएको छ ।

## ६.१. सारांश

समाज विकासको क्रमसँगै अमानवीय एवं अपमानजनक व्यवहारहरुको पनि विकास हुँदै जाँदा विविध किसिमको हिंसाजन्य कार्य पनि बढ्दै गएको पाइन्छ । जुन कार्य वा व्यवहारले कसैको मनोभावना र दिलमा चोट पुऱ्याउने तरिकाले पिडित बनाइन्छ भने त्यस्तो हिंसालाई मनोवैज्ञानिक हिंसा भनिन्छ । यस्तो हिंसा भित्र कुटपिट, बलत्कार, चरित्र हत्या, बोक्सीको आरोप वा सजाय, बहुविवाह, यौन दुर्व्यवहार, घरबाट निकाला, खान लगाउन बञ्चित गर्ने, गाली गलैज, एसिड खन्याउने, झुटा चरित्रिक आरोप र धम्की आदि भावनात्मक चोट पुऱ्याउने कार्य पर्दछन् । जसको कारणले महिलाको आत्मबल घट्ने समाजमा घुलमिल हुन नसक्ने, तनाव उत्पन्न भई डिप्रेशनमा आउने र अन्तमा आत्म हत्याको प्रयास गर्ने ।

मनोवैज्ञानिक हिंसा सवै वर्ग, जात, पेशा, धर्म भुगोलमा व्यस्त रहेको पाइन्छ । यस्ता हिंसा जन्य कार्यले महिलाको जीवनमा बहुपक्षिय असर परेको हुन्छ भने परिवार, समाज र देशलाई नै अस्वस्थ तथा पछौटे बनाएको हुन्छ । समाजमा घरेलु हिंसा, शारिरीक हिंसा, यौनिक हिंसा मुल वा स्पष्ट रूपमा देखिएको छ तर मनोवैज्ञानिक हिंसालाई हिंसाको रूपमा अगाडि ल्याइएको छैन तर मनोवैज्ञानिक हिंसाले महिलालाई भित्री रूपमा पिडा भइरहेको हुन्छ । विशेष गरि घर, समाजलाई संचालन पुरुषहरूले नै गरिरहेको हुन्छन् र महिला पुरुषबाट नै बढी दमनमा परिरहेका हुन्छन् । महिला माथि नराम्रो दृष्टिले हेर्नु (ठुला ठुला आँखाले हेर्नु, आँखा मार्नु) भेदभाव पुर्ण तरिकाले बोल्नु, होच्याउनु, गाली गर्नु, घोचेर बोल्नु निर्णय प्रक्रियामा सहभागि नगुर्न, राम्रो काममा प्रोत्साहन नगर्नु, लिंगको आधारमा छोरी भएको कारणले  यो काम गर्नु हुन्छ र हुँदैन भनेर नितिनियम लाग्नु, अर्काको घरमा जाने जत अर्काको कुलबाट आएकी आदि इत्यादी भनी दमन गर्नु जस्ता व्यवहार र कार्य भइरहेको हुन्छ । पिडित महिलाहरूले समाजमा मलाई यस्तो प्रकारको पिडा पारिरहेको छ भन्ने ठाउँ र मौका पनि पाएका हुँदैनन् । आफ्नो इज्जत जोगाउनको लागि अशिक्षाको कारणले आफु भित्रै पिल्सिएर बाँच्न साथै एकान्तमा रून्नु सिवाय केही हुँदैन । उनीहरूको

पिडा, भावना, मनको चित्कार, चिच्चावट सुन्ने बुझ्ने र समाधानको बाटो देखाइदिने कोही हुँदैन ।
नेपालको सन्दर्भमा हेर्दा आधा पृथ्वी ढाक्ने महिला लैङ्गिक, जातिय, धार्मिक आदिको आधारमा महिला मनोवैज्ञानिक हिंसाको शिकारमा परेका छन् । यस्तो अवस्थामा देश र राष्ट्रको विकास कल्पनामा मात्र सिमित हुन्छ ।

यस अध्ययनको लागि कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९ अर्न्तगत कृष्ण टोलको जम्मा जनसंख्या १२१८ जसमध्ये महिला ७२३ वा ५१.१४ प्रतिशत र पुरुष ५९५ वा ४८.८५ प्रतिशत रहेको छ । जहाँ २०३ घरधुरी रहेका छ । जसमध्ये १३२ घरधुरीको एक एक महिला वा ६५ प्रतिशत महिलालाई सम्भाव्यता नमुना छनौटमा राखिएको छ । आवश्यक प्रथामिक र द्वितिय स्रोतहरुबाट सूचना, अवलोकन वैयक्तिक अध्ययन, अन्तवार्ता अनुसूची मार्फत तथ्याङक संकलन गरिएको छ ।

अध्ययन क्षेत्रमा १३२ जना महिला वा कुल छनौटका महिलाहरु मध्ये १५-२५ वर्ष उमेरका १९.६९ प्रतिशत २६-३५ वर्ष उमेरका ३६.३७ प्रतिशत ३६-४५ वर्ष उमेरका महिलाहरु २५.७५ प्रतिशत र ४६-४५ वर्ष उमेरका १८.१८ प्रतिशत रहेका छन् ।

- उमेरको आधारमा कुल छनौटका महिलाहरु मध्ये १५-२५ वर्ष उमेरका १९.६९ प्रतिशत, २६-३५ वर्ष उमेरका महिला ३६.२७ प्रतिशत र ३६-४५ वर्षका महिलाहरु २५.७५ प्रतिशत र ४६-५५ वर्ष उमेरका महिलाहरु १८.१८ प्रतिशत रहेका छन् ।
- शैक्षिक स्तरको आधारमा कुल छनौटका महिलाहरू मध्ये निरक्षर ६६.६७ प्रतिशत र साक्षण ३१.८१ प्रतिशत रहेको छ । जसमा एस.एल.सी पास गरेका २ महिला मात्र रहेछन् । यस अध्ययनमा चिठी पढ्न र लेख्न सक्नेलाई साक्षरमा राखीएको छ ।
- परिवारको संरचनाको आधारमा कुल छनौटका महिला मध्ये ५४.५४ प्रतिशत सानो परिवार ४१.६७ प्रतिशत ठूलो परिवार र ३.७८ प्रतिशत बृहत परिवारमा रहेको पाइएको छ । यसमा सानो परिवार नै अबलम्बन गरेको धेरै पाइएको छ ।
- जतिय संरचनाको आधारमा कुल छनौटका महिलाहरूको अध्ययन गर्ने क्रममा परिवार ३८.६३ प्रतिशत वि.क ३२.५७ प्रतिशत तामाङ्ग, १७.४२ प्रतिशत क्षेत्री ९.८४ प्रतिशत र ब्राह्मण १.५१ प्रतिशत रहेको पाइएको छ । जसमध्ये सबैभन्दा धेरै परिवार रहेको पाइएको छ ।

- पेशाको आधारमा कुल छनौटका महिलाहरू मध्ये ७२.७२ प्रतिशत मजदुरि १५.१५ प्रतिशत गृहिणी, १२.१२ प्रतिशत व्यापार मा संलग्न भएको पाइएको छ । जसअनुसार मजदुरी गर्ने महिला नै बढी रहेको पाइएको छ ।
- वैवाहिक स्वरूप छनौट गरिएका १३२ महिला मध्ये ६७.४ प्रतिशत भागेर विवाह भएको ३२.५ प्रतिशत मागी विवाह भएको पाइएको छ । जस मध्ये भागेर विवाह गर्ने धेरै नै पाइएको छ ।
- वैवाहिक स्थितीको आधारमा हेर्दा विवाहित ११७ जना ८८.७३ प्रतिशत, सम्बन्ध विच्छेदन ८ जना ६.०६ प्रतिशत र विधवा ७ जना ५.३० प्रतिशत रहेको छ ।
- सन्तान उत्पादनका आधारमा जम्मा १३२ महिलाहरु मध्ये दुई जना भन्दा बढी सन्तान उत्पादन गर्ने ५५ जना ४१.६६ प्रतिशत, दुई मात्र सन्तान उत्पादन गर्ने ४९ मा ३७.१२ प्रतिशत र सन्तान नभएको ४ जना ३.०३ प्रतिशत रहेका छन् ।
- धर्मका आधारमा महिलालाई यसरी हेरिएको छ कि माथिको तालिका अनुसार हिन्दु ४५ जना ३४.१० प्रतिशत, वौद्ध ४१ जना ३०.३० प्रतिशत, क्रिश्चियन ३९ जना ३९ जनामा ३९.५४ प्रतिशत र मुस्लिम ७ जना ५.३० प्रतिशत महिला रहेका छन् ।
- मनोवैज्ञानिक हिंसामा परेको वा नपरको आधारमा कुल छनौट महिला मध्ये मनोवैज्ञानिक हिंसा आफू माथि भएको ८३.५ प्रतिशत नभएको ९.०९ प्रतिशत र भन्न नचाहने ८.३३ प्रतिशत रहेको पाइएको छ । जसअनुसार मनोवैज्ञानिक हिंसाको चपेटामा सबैभन्दा धेरै महिला भेटिएको छ ।
- धर्मका आधारमा महिलालाई यसरी हेरिएको छ कि हिन्दु ४५ जना ३४.१० प्रतिशत, वौद्ध ४१ जना ३०.३० प्रतिशत, क्रिश्चियन ३९ जना ३९ जनामा ३९.५४ प्रतिशत र मुस्लिम ७ जना ५.३० प्रतिशत महिला रहेका छन् ।

## ६.२ अध्ययनबाट प्राप्त नतिजाहरुः

यो अध्ययन पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९ अर्न्तगत पर्ने कृष्ण टोलका १३२ घर धुरीका एक एक महिलालाई लिएर मनोवैज्ञानिक हिंसाका स्वरुप कारण र असरहरु पत्ता लगाइएको छ । जसको नतिजा यसप्रकार छ ।

- कुल छनौट महिला मध्ये मनोवैज्ञानिक हिंसा आफू माथि भएको ८३.५ प्रतिशत नभएको ९.०९ प्रतिशत र भन्न नचाहने ८.३३ प्रतिशत रहेको पाइएको छ । जसअनुसार मनोवैज्ञानिक हिंसाको चपेटामा सबैभन्दा धेरै महिला भेटिएको छ ।

**स्वरुपहरु हेर्दाः**

- कुल छनौट मध्ये पिडित भएका महिला १०९ जना वा ८२.५७ प्रतिशत , पिडित नभएको १६ जना १२.१२ प्रतिशत र भन्न नचाहने ७ जना वा ५.३० प्रतिशत रहेका छन् ।
- कुल छनौट मध्ये हेराईबाट पिडित महिला ११२ जना वा ८४.८४ प्रतिशत, पिडित नभएको ६ जना वा ४.५४ प्रतिशत र भन्न नचाहने १४ जना वा १०.६० प्रतिशत रहेका छन् ।
- कुल छनौट मध्ये पिडित भएको २४ जना वा ३१.६८ प्रतिशत पिडित नभएको वा १४ जना वा १०.६० प्रतिशत भन्न नचाहने रहेको छन् ।
- कुल छनौट महिलाहरु मध्ये बोलाई (भाषा) बाट पिडित संख्या ९७ जना वा ७२.७२ प्रतिशत पिडित भएका १९ जना वा १४.३९ प्रतिशत पिडित नभएका र १७ जना १२.८७ प्रतिशत भन्न नचाहने रहेका छन् ।
- कुल छनौटका महिलाहरु मध्ये दाइजो प्रताडना एक हो माथिको तालिका अनुसार पिडित भएका ८४ जना वा ६३.६३ प्रतिशत, पिडित नभएका २६ जना वा १९.६९ प्रतिशत र भन्न नचाहने २२ जना वा १६.६६ प्रतिशत रहेका छन् ।
- कुल छनौटका महिलाहरु मध्ये बहुविवाहको कारण महिला पिडित रहेका छन् माथिको तालिका अनुसार पिडित भएका ६७ जना वा ५०.७५ प्रतिशत र पिडित नभएका ४१ जना वा ३१.१० प्रतिशत र भन्न चाहने २४ जना वा १८.१८ प्रतिशत रहेका छन् ।
- कुल छनौटमा राखिएका महिलाहरूलाई मनोवैज्ञानिक हिंसामा पार्ने पिडकहरूमा घरपरिवार ४८ जना वा ३६.३० प्रतिशत समाज ३३ जना वा २५ प्रतिशत, नातागोता २८ जना वा २१.२१ प्रतिशत, थाहा छैन १२ जना वा ९.१० प्रतिशत र भन्न नचाहने ८.३३ प्रतिशत भेटियो जसअनुसार सबैभन्दा बढी महिला माथि मनोवैज्ञानिक हिंसामा पार्ने पुरुष घरपरिवार कै भेटिएको छ ।

**कारणः**

- अशिक्षाको कारणले पिडित भएको ९३ जना वा ७०.४५ प्रतिशत पिडित नभएका २२ जना वा १६.६६ प्रतिशत र भन्न नचाहने १७ जना वा १२.८७ प्रतिशत रहेका छन् ।
- गरिबीको कारणले नै हिंसामा परेका हौं भन्ने ९७ जना वा ७३.४८ प्रतिशत, गरिबीको कारण होइन भन्ने २८ जना वा २१.२१ प्रतिशत र भन्न नचाहने ७ जना वा ५.३० प्रतिशत रहेका छन् ।
- मदिरा सेवन गर्नाले महिलाहरु पिडित रहेका १०८ वा ८१.८१ प्रतिशत र होइन भन्नेहरु १५ जना वा ११.३७ प्रतिशत र थाहा छैन भन्ने ९ जना वा ६.८१ प्रतिशत रहेका छन् ।
- पेशाको कारणले गर्दा हिंसामा परेको हो भन्ने ८२ जना ६२.१२ प्रतिशत, पेशाको कारणले होइन भन्ने २७ जना २०.४५ प्रतिशत र थाहा छैन भन्ने २३ जना वा १७.४२ प्रतिशत रहेका छन् ।
- समाजले निम्त्याएको लैङ्गिक विभेदका कारणले मनोवैज्ञानिक हिंसामा परेका हौं भन्ने महिलाहरु ९३ जना वा ७०.४५ प्रतिशत र होइन भन्ने महिलाहरु १३ जना ९.८४ प्रतिशत र भन्न नचाहने २७ जना वा २०.४५ प्रतिशत महिलाहरु रहेका छन् ।

**असरः**

- कुल छनौटको महिला माथि पर्न गएको असर मध्ये ९०.१५ प्रतिशत अप्रत्यक्ष असर र १३ जनामा ९.८५ प्रतिशत लाई प्रत्यक्ष असर परेको पाइएको छ । जसमध्ये अप्रत्यक्ष असर नै बढी परेको भेटिएको छ ।
- मनोवैज्ञानिक हिंसाको कारणले गर्दा महिलाहरुमा टोलाउनेको संख्या ६५जना र ४९.२४ प्रतिशत, झस्किनेको संख्या २५ वा १८,९३ प्रतिशत, डराउनेको संख्या २५ वा १८.९३ प्रतिशत, डराउनेको संख्या २२ जना वा १६.६६ प्रतिशत र केही पनि भन्न नचाहनेको संख्या २० जना वा १५.१५ प्रतिशत रहेका छन् ।
- मनोवैज्ञानिक हिंसाको कारण महिलाहरुमा आत्मबल घट्नुको संख्या ११२ जना वा ८४.८४ प्रतिशत, आत्मबल घटेको छैन भन्नेको संख्या ११ जना वा ८.३३ प्रतिशत र थाहा छैन भन्नेको संख्या ९ जना वा ७.८१ प्रतिशत रहेका छन् ।

- मनोवैज्ञानिक हिंसाको कारणले तनाव हुने महिला ५४ जना वा ४०.९० प्रतिशत र मानसिक सन्तुलनमा असर पर्ने ४३ जना वा ३२.५० प्रतिशत केही नभएको १३ जना ९.८४ प्रतिशत र भन्न नचाहने २२ जना वा १६.६६ प्रतिशत रहेका पाइएको छ ।
- विभिन्न प्रकारका रोगको आक्रमणबाट औषधी सेवन गर्नको संख्या ७६ जना वा ५७ प्रतिशत, औषधी सेवन नगर्नेको संख्या ३७ जना वा २८ प्रतिशत थाहा छैन भन्नेको संख्या १९ जना वा १४.३९ प्रतिशत रहेको छ ।
- जति सुकै हिंसामा परे पनि महिलाहरुले विभिनन डरका कारणले गर्दा आफ्नो मनमा गुम्सिएर बसेको हिंसालाई व्यक्त गर्न सक्दैन । जसमा १३२ जना महिला मध्ये घर निकाला गरिदिन्छन् कि भन्ने डरले ४१ जना ३९.१२ प्रतिशत, इज्जतको डरले ४६ जना ३४.८४ प्रतिशत र कुटपिटको डरले ३७ जना ५८.०३ जना रहेको छन् ।
- महिला हिंसामा परेपछि विभिन्न डरका कारणले बाहिर भन्न चाहदैनन् । माथिको तालिका अनुसार हिंसा गोप्य राख्नेको संख्या अत्याधिक बढी देखिएको छ जम्मा १३२ महिला मध्ये ११७ जना ८८.६३ प्रतिशत महिला हिंसा गोप्य राख्ने रहेका छन् । नातागोता साथीलाई भन्ने ११ जना ८.३३ प्रतिशत रहेका छन् भने प्रहरी र राजनितिक व्यक्तिलाई भन्ने ४ जना ३.०३ प्रतिशत रहेका छन् ।

## ६.३ **निष्कर्ष:**

माथिको नतिजा विश्लेषण गर्दा कास्की पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९ कृष्ण टोलका महिलाहरुमा गरिएको मनोवैज्ञनिक हिंसा प्रश्नोत्तरको क्रममा महिलाहरुको आफ्नो जीवनचक्र अनुसार प्रत्येक अवस्थामा (बाल्यअवस्था, किशोर अवस्था, युवा अवस्था तथा गर्भा अवस्था) हिंसाबाट पिडित हुनुपरेको देखियो । महिलाले गाली गलैज, कुटपिट, यातना, बलत्कार, धम्की, अपशब्द, बहुविवाहको पिडा, गरिबी, अशिक्षाका कारण आफूले भने जस्तो नहुँदा श्रीमानबाट दिनहुँ हिंसा पिडित बन्नुपर्ने जस्ता समस्याहरु महिलाहरुबाट व्यक्त भएका छन् । आफ्नो राम्रो आय आर्जनको बाटो नहुनु, बच्चाहरुको भविष्य, अशिक्षा, लोग्नेलाई देवता मान्नुपर्ने परम्परा, हिंसा विरुद्ध आवाज उठाएमा इज्जत जाने घरबाट निकालिने र घर तथा समाजको लाञ्छना लाग्न सक्ने डर, पिडाको बानीमा पनि केही परिवर्तन आउँछ कि भन्ने झिनो आशा जस्ता कारणले महिलाहरुले हिंसा सहेर बस्ने गरेका हुन् भन्ने यो अध्ययनले देखाउछ ।

यस अध्ययनबाट मनोवैज्ञानिक हिंसाले महिलाहरुमा डरलाग्दो खाडलको सृजना गरेको देखिएको छ । महिलाहरु घरमा मात्र नभएर नातागोता, समाज, कार्य क्षेत्र जहाँपनि मनोवैज्ञानिक हिंसामा परेको बताएका छन् । उनीहरु हिंसाको कारणले आफ्नो आत्मबल कम भएको, डराउने र तर्सने, आत्महत्या गर्न मन लाग्ने, एकान्तमा बस्न रुचाउने, चिडचिडे स्वभाव आउने, मानसिक सन्तुलन ठिक नहुने, तनावका कारण विभिन्न रोगहरुको नजिक हुनुपर्ने जस्ता असरहरु पाइएको छ । अशिक्षा, गरिबी, ,मदिरा सेवन आदि कारणले गर्दा मनोवैज्ञानिक हिंसामा पर्नु परेको भन्ने उत्तरदाताहरुको भनाई रहेको छ ।

### ६.४ सुझावहरुः

- सरकारले उचित कानुनी उपचार र क्षतिपूर्तिको व्यवस्था गर्ने ।
- महिला मैत्री कार्य वातावरण गर्ने ।
- जनचेतनामूलक कार्यक्रम वृद्धि गर्ने ।
- महिला हिंसा सम्बन्धमा पिडित वा अन्य जो कोहीले दिएको मौखिक वा लिखित उजुरी, उपर तत्काल काम कारवाही अगाडी बढाउने ।
- पिडित उपर सद्व्यवहार गरि उनीहरुलाई आवश्यक सल्लाह र कानुनी उपचारको यथोचित व्यवस्थापन गर्ने ।
- महिला उपर हुने हिंसा उन्मुलन गर्ने कार्यमा मानव अधिकारकर्मी र गैह सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य व्यवस्था गर्ने ।
- घरेलु हिंसालाई मात्र  जोड दिएको पाइएको छ । तर मनोवैज्ञानिक हिंसा के हो र यसले निम्त्याउने डरलाग्दो अवस्थाको बारेमा जानकारी दिन जरुरी छ ।
- महिला हिंसा कार्यक्रम वा महिला हिंसा विरुद्ध गरिने आन्दोलनमा पुरुषको सहभागिता गराउने ।

महिला हिंसा विकासको बाधक हो । यसले आधा जनसंख्या ओगट्ने महिलाहरुलाई विकासको प्रक्रियाबाट अलग राख्छ । त्यसरी जनसंख्याको आधार हिस्सालाई पछाडी पारेर गरिएको विकास वास्तवमा विकास हुन सक्दैन । त्यसैले महिला हिंसाको कारणहरुको खोजी गरी तिनीहरुको अन्त्यको लागि पुरुषहरुलाई समेत परिचालन गर्दै अगाडी बढ्नु जरुरी छ । महिला विरुद्धको हिंसामा कतिपय अवस्थामा महिलाहरु संलग्न हुने भए पनि खास गरी पुरुषकै संलग्नता रहेको देखिन्छ । त्यसैले महिला हिंसा सम्बोधन गर्न हिंसामा संलग्न रहेको देखिन्छ । त्यसैले महिला हिंसालाई सम्बोधन गर्न पुरुषहरुकै संलग्नता रहेको देखिन्छ ।

त्यसैले महिला हिंसालाई सम्बोधन गर्न हिंसामा संलग्न हुने पक्षलाई समेत सचेतिकरण र अभिमूखीकरण गरिनुपर्दछ । पुरुषहरुले सचेत रुपमा प्रयत्न गरेमा महिला हिंसामा कमी ल्याउन सकिन्छ भन्ने मान्यता अनुसार हाल संयुक्त राष्ट्र संघ र कतिपय गैरसरकारी संस्थाहरुको अगुवाईमा उक्त कार्यमा पुरुषहरुसँग हातेमालो गर्दै आगाडी बढ्ने प्रयत्नहरु थालिएको छन् । महिला विरुद्धको हिंसामा कमी ल्याउन पुरुषहरुको आवश्यक भूमिकाको खोजी गरी उनीहरुलाई उक्त भूमिका निर्वाह गर्न सघाउ पुऱ्याउन सकेको खण्डमा धेरै मात्रामा सफलता हात पार्न सकिन्छ भन्नेकुरा सिद्ध भएको छ । यसै सन्दर्भमा UNESCAP ले ३ डिसेम्बर २००३ मा भारतको राजधानी नयाँ दिल्लीमा महिला विरुद्धको हिंसा अन्त्यको लागि पुरुषसँग सहकार्य नामक उपक्षेत्रिय कार्यशाला गोष्ठिको आयोजना गरेको थियो । उक्त कार्यशालामा सरकारी अधिकारीहरु र महिला हिंसा अन्त्यको लागि कार्यरत नागरिक समाजका प्रतिनिधिहरु सहभागी भएका थिए । बेइजिङ्ग कार्यमञ्चले पनि महिला विरुद्धको सबै प्रकारका हिंसाका रुपहरुलाई अन्त्य गर्न पुरुषहरु र महिलाहरुलाई संलग्न गराउनुपर्ने कुरामा जोड दिएको थियो ।

खास गरी महिलाहरु भन्दा पुरुष बढी लडाई झगडा गर्ने स्वभावका हुन्छन् । चाहे घरमा होस् या स्कुलमा, बजारमा होस् वा समुदायका युवक केटाहरु बढी हिंसामा उत्रेका घटनाहरु देखिन्छन् । त्यसैले उनीहरुलाई सेना र प्रहरीमा पनि जागिरको लागि भर्ना गर्ने गरिन्छ । लडाइको लागि तालिमहरु पनि प्रदान गरिन्छ । द्वन्द्वको समयमा झन् उनीहरु आक्रमण गर्ने, जबरजस्ती बलात्कार गर्ने जस्ता घटनामा सामेल भएका थुप्रै घटनाहरु देख्न सकिन्छ । संसारमा भइरहेका धार्मिक युद्ध, राष्ट्रिय आन्दोलनहहरु, आन्तिरक द्वन्द्व र आतंककारी गतिविधिहरुमा पुरुषहरुको संलगन बढी देखिन्छ । त्यसैले उनीहरुले महिलाहरु माथि हिंसा थोपरेर स्रोत र साधन पनि अधिकार र शक्तिमा आफ्नो प्रभाव जमाउछन् तर त्यसको पीडा महिलाले भोग्नुपर्छ । यसबाट हामी यो भन्न सक्छौ कि पुरुष र हिंसामा सहसम्बन्ध रहेको हुन्छ । महिलाहरु विशेष गरी बलात्कार र यौन शोषणका लागि पुरुषको हिंसाका शिकार हुने गर्दछन् । हुन त महिलाहरु महिलाबाट नै पनि हिंसाका शिकार नहुने होइनन् तर प्रवृत्तिको कुरा गर्दा पुरुषबाट हुने हिंसाबाट उनीहरु बढी मात्रामा पीडित र शोषित भएका छन् ।

त्यसैले उक्त सन्दर्भमा पुरुषहरुको मनोवृत्ति, व्यवहार र सोचाईमा नै परिवर्तन ल्याउन सकेमा त्यस्ता घटनाहरुमा कमी आउन सक्छ । बरु त्यसको लागि विद्यालयम

शिक्षाको पाठ्यक्रममा उनीहरुको व्यवहार परिवर्तन गर्न उपयोगी हुने खालका जानकारीहरु समावेश गर्ने, सामाजिक नेता कार्यकर्ताहरुले पनि महिला विरुद्धको हिंसामा कमी ल्याउन पुरुषहरुको जिम्मेवारी सम्बन्धमा सामाजिक चेतना जगाउने, राजनीतिक दलका नेता कार्यकर्ताहरुले पनि आफ्ना कार्यक्रमहरु मार्फत सचेतिकरण र समानताका कुराहरु सिकाउने, सुरक्षा निकायका सेना प्रहरी जवानहरुलाई तालिम दिदा पनि महिला विरुद्धको हिंसामा कमी ल्याउन विशेष भूमिका निर्वाह गर्न आवश्यक तालिम सामाग्री विकास गर्ने, सामजिक सहभावमा वृद्धि गर्ने, राज्यका सबै निकायहरु पुरुष सरह महिलाको सहभागिता वृद्धि गर्ने, राज्यका सबै निकयाहरु पुरुष सरह महिलाको सहभागिता वृद्धि गर्ने र महिलाहरु पनि देशका जिम्मेवार नागरिक भएमा उनीहरुले पनि देशको विकास गरी समृद्धि हासिल गर्न महत्वपूर्ण सहयोग पुऱ्याउन सक्छन् । त्यस्ता हिंसा विरुद्ध सचेतना जगाउन पुरुषहरुले नेतृत्व लिने, उनीहरुले नै त्यसको जिम्मेवारी लिने आफ्नो व्यवहार र सोचाइमा परिवर्तन गर्ने जस्ता कार्य हुन सकेमा, पुरुषहरुबाट महिला विरुद्ध हिंसा नगर्ने प्रतिवद्धता जाहेर गर्न सकेमा वास्तवमा एउटा सभ्य, सुसंस्कृत र आधुनिक एवं न्यायपूर्ण समाज निर्माणमा ठूलो योगदान हुन सक्छ ।

## सन्दर्भ सामाग्रीहरु


आचार्य, मिना (१९८१) *द स्टाटस अफ ओमन इन नेपाल भोलुम २,* काठमाण्डौं

ओरेक नेपाल (२०७१), *महिलामाथि हुने हिंसाको यथार्थता ।*

कार्की, शुशिला (२०६८), *लैङ्गिक समानता, काठमाडौं,* पैरवी प्रकाशन

चौलागाई, तिलकप्रसाद नानीरामा पोखेल, केशवराज सापकोटा (व.सं. २०६०) *लैङ्गिक अध्ययन न्यू हिरा वुक्स इन्टरप्राइजेज,* किर्तिपुर, काठमाडौं ।

थपेलिया, डा. शान्त, (१९९९), *नेपालको पारिवारिक कानुन एक अध्ययन कानुनी सहयोग तथा परार्मश केन्द्र,* पुलचोक, ललितपुर ।

पन्त, कमला (२०५७), *राजनीतिमा महिला वेइजीङ्ग कार्ययोजना की पुनरावलोकन हस्तावेजहरूको सङ्गालो,* काठमाडौं : महिला कानुन विकास मञ्च ।

भासिन, कमला (सन् २०००), *नारी के हो ? स्त्री शक्ति* कमलादी, काठमाडौं ।

विभिन्न लेख, रचना, पत्रपत्रिका ।

*राष्ट्रिय मानव अधिकार आयोग (२०७२),* इन्सेक काठमाडौं ।

राष्ट्रिय महिला आयोगका विभिन्न प्रकाशनहरू । ।

बराल, गिता देवी, (वि.सं. २०६४), *ग्रामिण महिलाहरूमा दाइजो प्रथा प्रतिको धारणा, अप्रकाशित सोधपत्र विभाग, समाजशस्त्र तथा मानशास्त्र अर्न्तगत मानविकी सकाय पृथ्वीनारायण क्याम्पस, पोखरा* ।

बराल, रामचन्द्र, (वि.सं.२०५७), *सम्बन्ध विच्छेदका कारण असर, एम.ए सोधपत्र समाजशास्त्र तथा मानवशास्त्र अन्तरर्गत मानविकी संकाय त्रिभुवन युनिभर्सिसिटी* कीर्तिपुर, काठमाडौं ।

वोउवार, सिमोन, (१९९४), *द सेकेण्ड सेक्स, रमेश सुनुवार द्वारा अनुवादित (२०५४),* काठमाडौं

वेनेट लिन, (१८७३), *डेन्जरस वाइफस् एण्ड सेक्रेट सिस्टरस्, कोलम्बिया युनिभर्सिटी प्रेस,* न्यूयोर्क ।

वेनेट लिन, (१९९८), *द स्टाटस अफ विमिन इन नेपाल, सेन्ट्रल फर इकोनोमिक डेभलपमेन्ट एण्ड एडमिनिस्ट्रेसन* टि.यू, काठमाडौं ।

भासिन, कमला (२००३) *पितृसत्ता के हो ? काली फर वीमन,* न्यू दिल्ली ।

मल्ला, सपना, (२०६५), *महिलाको मुद्दा (लेख), महिला, आवाज, प्रारायुसंघ नेपाल,* केन्द्रीय महिला विभाग ।

*महिला कानुन र विकास मञ्च,* (२०५८), ।

मानव अधिकार, (१९९८), नेपाल पक्ष भएका अधिकार सम्बन्धि अर्न्तराष्ट्रिय दस्तावेजहरूको *संग्रह*

युनिसेफ, (२००२), *नेपालमा महिलाहरूको कानुनी स्थितीको अध्ययन (२०६९), अनुसन्धान केन्द्र ।*

*राष्ट्रिय मानव अधिकार आयोग,* (२०६१), *नेपालमा भएका अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय दस्तावेजहरूको संग्रह ।*

रिजटजर, जर्ज, (१९९६), *मोडन सोसियोलोजिकल, थिओरी,* न्यू दिल्ली ।

लैङ्गिकता र विकास लोकसेवा आयोग २०७३ ।

संयुक्त राष्ट्र संघले घोषणा पत्र (१९९३). महिला विरुद्धको हिंसाको उन्मुलन तथा घोषणा पत्र, २० डिसेम्बर

सुवेदी मधुसुदन, (२०५६), *हिन्दु विवाहको इतिहास श्रीमति सानुमाया सुवेदी, वैकुण्ठ तथा दामुदर* सानेपा, लालितपुर

त्रीपाठी, सुधा, (वि.स. २०६८), *पश्चात्य नारीवादी समालोचना गरिमा मासिक २५:७ अनुसार नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौं

Bennett, L (2002) Socilogy, New Delhi, Wiley India 6th Edition Pvt, Ltd.

www.psychologyviolance.com

## परिशिष्ट–१

## प्रश्नहरूको अनुसुची

**पोखरा लेखनाथ महानगरपालिक वडा नं. ९ को आफूलाई लागेको कुरामा** ( √) **चिन्ह लगाउनुहोला?**

प्र.१ पोखरा लेखनथा म.न.पा वडा नं. ९ कृष्ण टोलको जनसंख्या कति छ ?

क) महिला ............................

ख) पुरुष ..............................

प्र.२. तँपाई कति पढ्नु भएको हो ?

क) निरक्षर ( )

ख) साक्षर ( )

ग) एस.एल.सी. ( )

घ) एस.एल.सी. भन्द कम ( )

प्र.३. निम्न मध्ये तपाई कुन जातमा पर्नुहुन्छ ?

क) परियार ( )

ख) वि.क ( )

ग) तामाङ्ग ( )

घ) क्षेत्री ( )

ङ) बाहुन ( )

प्र.४. तपाईले कुन पेशा गर्नुहुन्छ ?

क) मजदुर ( )

ख) गृहणी ( )

ग) व्यापार ( )

ङ) सेवा ( )

प्र.५. तपाईको मागी र भागी कस्तो विवाह भएको हो ?

क) मागी ( ) ख) भागी ( )

प्र.६. तपाईका मनोवैज्ञानिक हिंसामा पर्नु भएको छ छैन ?

क) परेकी छु ( )

ख) परेकी छैन ( )

प्र.७. कस्तो प्रकारको मनोवैज्ञानिक हिंसामा पर्नु भएको छ ?

क) आरोप ( )

ख) बोलाई ( )

ग) धम्की ( )

घ) व्यवहार ( )

ङ) घर निकाला ( )

च) बहुविवाह ( )

प्र.८. तपाई कस्को कारणले हिंसामा पर्नुभएको छ जस्तो लाग्दछ ।

क) परिवार ( )

ख) समाज ( )

ग) नातागोता ( )

प्र.९. तपाई के कारणले गर्दा हिंसामा पर्नुभएको जस्तो लाग्छ ?

क) अशिक्षा ( )

ख) गरिबी ( )

ग) पितृसत्तात्मक समाज ( )

घ) धर्म ( )

ङ) अन्य ( )

प्र.१०. तपाईलाइ मनोवैज्ञानिक हिंसाले कस्तो असर पारेका छ ?

क) प्रत्यक्ष ( )

ख) अप्रत्यक्ष ( )

प्र.११. तपाई कुन जातिको हुनुहुन्छ ?

क) हिन्दु ( )

ख) बौद्ध ( )

ग) मुस्लिम ( )

घ) क्रिस्चियन ( )

प्र.१२. तपाईको वैवाहिक स्थिति कुन चै हो ?

क) भर्खर विवाह भएको ( )

ख) सम्बन्ध विच्छेद ( )

ग) विधवा ( )

प्र.१३. तपाईको परिवारको संरचना कुन हो ?

क) संयुक्त परिवार ( )

ख) एकल परिवार ( )

प्र.१४. तपाईको सन्तान के के छन् ?

क) छोरा ( )

ख) छोरी ( )

ग) दुवै ( )

घ) छैन ( )

प्र.१५. तपाईको श्रीमान् कति पढ्नु भएको छ ?

क) पाँच कक्ष ( )

ख) दश कक्षा ( )

ग) एस.एल.सी ( )

घ) छैन ( )

प्र.१६. तपाईको श्रीमानको पेशा के हो ?

क) व्यापार ( )

ख) मजदुर ( )

ग) जागिर ( )

घ) वैदेशिक रोजगार ( )

प्र.१७. विवाह गर्दा तपाइको उमेर कति थियो ?

क) १५- २० वर्ष ( )

ख) २१-२५ वर्ष ( )

ग) २६-३० वर्ष ( )

घ) ३१ वर्ष भन्दा माथि ( )

प्र.१८. तपाई को बाट बढी हिंसामा पर्नुभएको छ ?

क) श्रीमान् ( )

ख) घर परिवार ( )

ग) समाज ( )

घ) कार्य क्षेत्र ( )

प्र.१९. यदि तपाई मनोवैज्ञानिक हिंसामा पर्नुभयो भने चुप चाप बस्नुहुन्छ कि उजुरी गर्नुहुन्छ ?

क) कडा रुपमा हिंसा विरुद्ध उजुरी गर्छु ( )

ख) चुपचाप बस्छु ( )

प्र.२०. यदि तपाई विरोध गर्नुहुन्न भने किन?

क) इज्जतको डरले ( )

ख) आफ्नो परिवारको डरले ( )

ग) समाजको डरले ( )

घ) अन्य ( )

प्र.२१. तँपाई तलका मध्ये कुन चै कारणले हिंसामा परेकी हु भन्ने लाग्छ ?

क) श्रीमानेले मदिरा सेवनको कारण ( )

ख) अशिक्षाको कारणल ( )

ग) पेशाको कारण ( )

घ) गरिबीको कारण ( )

प्र.२२. यदि तपाई मनोवैज्ञानिक हिंसामा परेमा कसलाई सोध्नु हुन्छ वा भन्नुहुन्छ ?

क) गोप्य राख्छु ( )

ख) नातागोतालाई भन्नु ( )

ग) पुलिसलाई भन्छु ( )

घ) साथीलाई भन्छु ( )

ङ) समाजका वरिष्ठ व्यक्तिलाई भन्छु ( )

प्र.२३. तपाईको विचारमा सबैभन्दा जिम्मेवार कसलाई ठान्नुहुन्छ ? मनोवैज्ञानिक हिंसा निम्ल्याउने कारणमा ?

क) महिला ( )

ख) पुरुष ( )

ग) नातेदार ( )

घ) अन्य ( )

प्र.२४. महिला माथि हिंसालाई तपाईले सामाजिक विकृती हो भन्ने कुरामा तपाईको धारणा के छ ?

क) सकारात्मक ( )

ख) नकरात्मक ( )

ग)  थाहा छैन  (  )

प्र.२५. तपाईमा महिला कानुन सम्बन्धि जानकारी छ कि छैन ?

क)  छ  (  )

ख)  छैन  (  )

ग)  केहीँ मात्रामा  (  )

प्र.२६. के तपाईलाई थाहा छ ? सुरक्षित पुनस्थापना केन्द्र वा घर हिंसामा परेका महिलालाइ मद्दत गर्ने वा सुरक्षा दिने ?

क)  वडा कार्यालय  (  )

ख)  महानगरपालिका  (  )

ग)  जिल्ला अदालत  (  )

घ)  महिला प्रहरी  (  )

ङ)  महिला मानव अधिकार  (  )

प्र.२७. तपाइलाई केही थाहा छ कि महिला विरुद्धको हिंसा रोक्न वा महिला हिंसा समाधान गर्ने संभावना उपायहरु:

क)  ..................................................................

ख)  ..................................................................

ग)  ..................................................................

घ)  ..................................................................

प्र.२८. घर परिवार विच तपाईको आपसी सम्बन्ध कस्तो छ ?

क)  घनिष्ट  (  )

ख)  ठिकै  (  )

ग)  छैन  (  )

प्र.२९. तपाईको विचारमा मनोवैज्ञानिक हिंसाले मौलिक हक हनन भएको छ ?

क)  छ  (  )

ख) छैन ( )

प्र.३०. वर्तमानमा भएको हिंसा सम्बन्धी कानुनी व्यवस्थाबाट पिडित पक्षलाई न्याय पुग्ने ठान्नु हुन्छ वा न्याय प्रदान गर्न प्रर्याप्त नभएको ठान्नु हुन्छ ?

क) ठान्दछु ( )

ख) ठान्दिन ( )

प्र.३१. महिला माथिको हिंसालाई तपाईले सामाजिक विकृति हो भन्ने कुरामा तपाईको धारणा के छ ?

क) सकारात्मक ( )

ख) नकारात्मक ( )

ग) थाहा छैन ( )

## पोखरा लेखनाथ महानगरपालिका वडा नं. ९, कृष्णटोल को नक्सा

